# परिच्छेद - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि :

मूल्याङ्कनले विद्यार्थीको सिकाइसँग सम्बन्धित जानकारी प्राप्त गर्न प्रयोग गरिने सबै प्रकारका विधि र तिनीहरूबाट प्राप्त जानकारीका आधारमा सिकाइको गुणस्तर लेखाजोखा गर्ने प्रक्रियालाई बुझाउँछ । यस अर्थमा हेर्दा मूल्याङ्कन एक जटिल र बृहत् प्रक्रिया हो । मूल्याङ्कनले मापनबाट प्राप्त हुने जानकारीका आधारमा विद्यार्थीको समग्र प्रगतिको लेखाजोखा गर्दछ (पराजुली र अन्य, २०६८:४) । मूल्याङ्कन विद्यार्थीको सङ्ख्यात्मक र गुणात्मक मूल्य निर्धारण गर्ने विश्वसनीय साधन हो । मूल्याङ्कन विद्यार्थीका गुण, दोष लेखाजोखा गर्ने एक प्रभावकारी माध्यम हो । यो एक व्यापक प्रक्रिया हो । मूल्याङ्कनले परीक्षालगायत अन्य साधनहरूबाट प्राप्त भएका सूचनाहरूका आधारमा निर्णय गर्दछ (शर्मा एण्ड शर्मा, २०६५:१९८) । अतः मूल्याङ्कनले मापनबाट प्राप्त सङ्ख्यात्मक तथ्यहरूको मात्र विश्लेषण नगरी अवलोकनबाट प्राप्त असङ्ख्यात्मक वा गुणात्मक जानकारीलाई समेत केलाउने गर्दछ ।

नेपाली भाषाको मूल्याङ्कनका क्रममा उद्देश्यमा उल्लिखित सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको मापन गर्नुलाई भाषिक मूल्याङ्कन भनिन्छ (माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४:१६) । भाषिक मूल्याङ्कनले खास तहका विद्यार्थीहरूका निम्ति भाषा पाठ्यक्रमद्वारा निर्धारित भाषिक सीप के कति आर्जन गरे र के कति ग्रहण गर्न सके भन्ने कारणको लेखाजोखा पनि गर्दछ ( भट्टराई, २०६८:८) । यसर्थ भाषिक मूल्याङ्कन भन्नाले भाषाका चार सीपहरूको मूल्याङ्कन भनेर बुझ्नुपर्दछ ।

पाठ्यक्रमले विद्यार्थीहरूमा विभिन्न प्रकारका ज्ञान, सीप, व्यवहार तथा अभिवृत्तिको विकास गराउने अपेक्षा राखेको हुन्छ । सो अपेक्षाबमोजिम फरकफरक किसिमका परीक्षा निर्माण गर्न सकिन्छ (पराजुली र अन्य, २०६८:३२) । यस आधारमा फरकफरक किसिमका परीक्षाहरू निर्माण गर्न सकिए पनि प्रवेशिका परीक्षाको अनिवार्य नेपाली विषयमा लिखित परीक्षा मात्र सञ्चालन हुने गरेको छ ।

हाम्रो वर्तमान शैक्षिक प्रक्रियामा मूल्याङ्कनको अभिन्न अङ्गका रूपमा परीक्षालाई लिइने गरिएकाले परीक्षाका प्रश्नपत्र निर्माण गर्दा वैज्ञानिक आधार तय गरी प्रश्नपत्र निर्माण गर्नु आवश्यक छ । पाठ्यक्रमका उद्देश्यहरू प्राप्त हुने गरी पाठ्यक्रमका सबै विषयवस्तु समेटेर

पाठ्यक्रमद्वारा निर्दिष्ट मूल्याङ्कन प्रक्रिया अपनाई मूल्याङ्कनका साधनका रूपमा परीक्षालाई प्रयोगमा ल्याउन विशिष्टीकरण तालिकाको महŒवपूर्ण भूमिका रहेको हुन्छ (विशिष्टीकरण तालिका, २०६५:१) ।

विशिष्टीकरण तालिकाले उपयुक्त प्रश्नहरूको छनौट गर्न मद्धत पुऱ्याउँछ । यसको सहयोगले पाठ्यक्रमअनुरूपता, विश्वसनीयता, वैधता, विभेदकारिता, विविधता, व्याप्तता, स्तरयुक्तता र विषयवस्तुगत सन्तुलन जस्ता आवश्यक गुणहरूले प्रश्न र परीक्षण विधिलाई सार्थक एवम् सोद्देश्यपूर्ण बनाउन ठूलो मद्दत पुग्छ ।

एस.एल.सी. परीक्षाका प्रश्नहरू कक्षा नौ र दशको संयुक्त पाठ्यक्रमबाट सोधिँदै थियो । २०६३ सालदेखिको एस.एल.सी. परीक्षा कक्षा दशको पाठ्यक्रमबाट लिइने नेपाल सरकारको निर्णयअनुसार एस.एल.सी. परीक्षाको तत्कालको विशिष्टीकरण तालिकामा परिमार्जन गरिएको थियो (विशिष्टीकरण तालिका,२०६५:४) । माध्यमिक तहको नेपाली विषयको विशिष्टीकरण तालिका २०५५ मा प्रश्ननिर्माणका नौ वटा क्षेत्रहरू तय गरिएको थियो । यसै पाठ्यक्रमले अनिवार्य नेपाली विषयको विवेचनात्मक (दश), पाठगत सङ्क्षिप्त उत्तर (बीस), बोध (पाँच), सारांश (पाँच), व्याख्या (दश), स्वतन्त्र रचना (दश), स्वतन्त्र रचना (पाँच), व्याकरण (पच्चीस) र शब्दभण्डार (दश) गरी सय पूर्णाङ्क निर्धारण गरेको थियो । एस.एल.सी. विशिष्टीकरण तालिका २०६५ ले प्रश्ननिर्माणका एघार वटा क्षेत्रहरू तोकेको छ । २०६४ को पाठ्यक्रमले अनिवार्य नेपाली विषयको शब्दभण्डार (बाह्र), वर्णविन्यास (पाँच), व्याकरण (अठार), बोध (पाँच), बुँदाटिपोट र सारांश (पाँच), निर्देशित रचना (पन्ध्र), सप्रसङ्ग व्याख्या (पाँच), सङ्क्षिप्त उत्तर (पन्ध्र), विवेचनात्मक उत्तर (दश) समेत गरी जम्मा सय पूर्णाङ्क निर्धारण गरेको छ ।

भाषिक प्रश्ननिर्माण गर्ने कार्य भाषिक सीप पक्षसँग सम्बन्धित हुन्छ । बालकमा भाषिक सीपको विकास कसरी हुन्छ भन्ने सन्दर्भमा दुई दार्शनिक मान्यताहरू अगाडि आएका छन् : एक व्यवहारवादी र अर्को मनोवादी । व्यवहारवादी दर्शन अनुभववादमा आधारित हुन्छ भने मनोवादी दर्शन बुद्धिवादमा आधारित हुन्छ (आचार्य,२०६४:३०९) ।

अनुभववादी दार्शनिकहरू अनुभवबाट भाषा सिकाइ प्रक्रिया सम्पन्न हुने धारणा राख्दछन् (न्यौपाने र अन्य, २०६७:१७४) । अनुभववादीहरू भाषा सिकाइलाई उत्तेजना र प्रतिक्रियाभन्दा पर लगेर विश्लेषण गर्न चाहँदैनन् (आचार्य, २०६४:३०९) । अनुभववादले भाषिक सीपको प्राप्तिका सन्दर्भमा

बढीभन्दा बढी रिपोर्टहरूको सङ्कलन गर्ने र बढीभन्दा बढी अभ्यास र कण्ठस्थीकरणमा जोड दिने गर्दछ ।

बुद्धिवादी मान्यताका समर्थकहरू बालकले जन्मदै भाषा प्राप्तिको संयन्त्र लिएर आएको हुन्छ भन्दछन् (आचार्य, २०६४:३०९) । मानिसको दिमागमा ज्ञानआर्जनको संयन्त्र हुने, केही कुरा सिक्ने पूर्ववृत्ति मानिसमा रहिरहने, मानिसले जन्मदै भाषा सिक्ने सामर्थ्य लिएर आउने जस्ता कुराहरूमा बुद्धिवादी मान्यताले जोड दिन्छ (न्यौपाने र अन्य, २०६७:१७५) । यसरी मनोवादी दर्शनअनुसार भाषिक सीपको विकासका लागि मानसिक गतिविधिहरूको संलग्नताको आवश्यकता पर्दछ ।

भाषिक सीप परीक्षणका लागि भाषिक मूल्याङ्कनका साधनहरू निर्माण गरिन्छन् । यस्ता साधनहरूको विश्वसनीयता, वैधता र प्रभावकारितामा नै भाषाशिक्षणको उपलब्धि निर्भर रहन्छ । भाषिक सीपको मूल्याङ्कनका सम्बन्धमा परीक्षणका विभिन्न प्रविधिहरू विकसित भएका छन् तर मूल्याङ्कन दोषयुक्त नै रहेको छ । यसै सन्दर्भमा प्रवेशिका परीक्षा २०७० को अनिवार्य नेपाली विषयका प्रश्नपत्रहरूलाई विशिष्टीकरण तालिकाका आधारमा विश्लेषण गरेर प्रस्तुत शोधकार्यलाई अगाडि बढाइएको छ ।

**१.२ समस्याको कथन :**

कुनैपनि कार्यक्रम सञ्चालन गर्नुका निश्चित उद्देश्य रहेका हुन्छन् । तोकिएका उद्देश्यहरू पूरा भएमा सञ्चालित कार्यक्रम सफल भएको मानिन्छ । कार्यक्रम प्रभावकारी भयो वा भएन भनेर जाँच गर्न मूल्याङ्कनका विभिन्न साधनहरूको उपयोग गर्ने गरिन्छ । कार्यक्रमको मूल्याङ्कन गर्नका निम्ति प्रयोग गरिएका साधनहरू त्रुटिपूर्ण छन् भने ती साधनहरूबाट प्राप्त हुने परिणाम पनि त्रुटिपूर्ण नै रहन पुग्दछ । त्यसैले जुनसुकै कार्यक्रमको पनि मूल्याङ्कन गर्नका लागि उपयोगमा ल्याइने साधनहरू विश्वसनीय हुन जरूरी छ । कुनै शैक्षिक संस्थामा सञ्चालन गरिएको शैक्षिक कार्यक्रमको मूल्याङ्कन गर्नका निम्ति परीक्षालाई मुख्य साधनको रूपमा लिने गरिएको छ । भाषा विषयको मूल्याङ्कनका निम्ति भाषिक सीपपरकतालाई ध्यान दिनुपर्दछ । त्यसैले यो अध्ययन प्रवेशिका परीक्षा २०७० मा सोधिएका प्रश्नहरू निर्दिष्ट विधा, व्याकरणात्मक पक्ष, क्षेत्र, आदिअनुसार सोधिएका छन् ?, विशिष्टीकरण तालिकाअनुरूप प्रश्नहरू निर्माण गरिएका छन् ?, प्रश्नहरूले निर्दिष्ट सबै विधालाई समेटेका छन् ? भन्ने विषयमा केन्द्रित रहको छ । यो अध्ययनमा यस्तै विषयहरूलाई मुख्य समस्याका रूपमा लिइएको छ ।

**१.३ अध्ययनका उद्देश्यहरू :**

समस्याको कथनमा उठाइएका विषयहरूलाई नै यस अध्ययनको उद्देश्यका रूपमा लिइएको छ। प्रवेशिका परीक्षा २०७० को अनिवार्य नेपाली विषयमा सोधिएका भाषिक प्रश्नहरूको विश्लेषणलाई केन्द्रविन्दु बनाएर अगाडि बढाइने प्रस्तुत अध्ययनका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

क) अनिवार्य नेपाली विषयका प्रश्नहरूको उपयुक्तता विशिष्टीकरण तालिकामा निर्देश गरिएका क्षेत्र, विधा, ज्ञान, बोध, व्यावहारिक सीप, उच्च दक्षता, प्रश्नसङ्ख्या, अङ्कभार र समयका आधारमा पत्ता लगाउनु ।

ख) विशिष्टीकरण तालिकामा निर्देश गरिएको स्पष्टीकरण खण्डका आधारमा प्रश्नहरूको उपयुक्तता पत्ता लगाउनु ।

**१.४ अनुसन्धान प्रश्नहरू :**

प्रस्तुत अध्ययन यस प्रकारका प्रश्नहरूको उत्तर खोज्न केन्द्रित रहेको छ :

क) अनिवार्य नेपाली विषयका प्रश्नहरू विशिष्टीकरण तालिकामा निर्देश गरिएका क्षेत्र, विधा, ज्ञान, बोध, व्यावहारिक सीप, उच्च दक्षता, प्रश्नसङ्ख्या, अङ्कभार र समयका आधारमा उपयुक्त छन् ?

ख) विशिष्टीकरण तालिकामा निर्देश गरिएको स्पष्टीकरण खण्डका आधारमा प्रश्नहरू सोधिएका छन् ?

**१.५ अध्ययनको महŒव :**

परिवर्तित नयाँ पाठ्यक्रमअनुसार नेपाली भाषा विषयका प्रश्नहरूको विशिष्टीकरण तालिकाका आधारमा विश्लेषण गरी प्रवेशिका परीक्षाका नेपाली विषयका प्रश्नहरू के-कति उपयोगी र स्तरयुक्त छन् ? पत्ता लगाउनु यस अध्ययनको महŒव रहेको छ । यस अध्ययनबाट विद्यार्थी, शिक्षक, परीक्षक र प्रश्नपत्र निर्माणकर्तालाई उचित सल्लाह सुझाव प्राप्त हुने भएकाले पनि यसको महŒव रहेको छ । यस अनुसन्धानबाट विद्यार्थीलाई प्रश्नपत्रको रूपरेखाका बारेमा पूर्वजानकारी हुनेछ, अनुसन्धानकर्तालाई भविष्यमा अनुसन्धान गर्नमा फाइदा पुग्नेछ । प्रस्तुत शोध अध्ययनले शैक्षिक उद्देश्यनुसार विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धिलाई लेखाजोखा गर्न  शिक्षक एवम् प्रश्ननिर्माण गर्न सम्बन्धित निकायलाई सहयोग गर्नेछ । यस अध्ययनले निर्दिष्ट भाषिक सीपपरक , निर्दिष्ट विधालाई समेटिएका र विशिष्टीकरण तालिकासम्मत प्रश्ननिर्माणका लागि मार्गनिर्देश गरेको छ । यी कुराहरू नै यस अनुसन्धानका महŒवका रूपमा रहेका छन् ।

**१.६ अध्ययनको सीमा :**

पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल गरी पाँच विकास क्षेत्र र पूरक परीक्षा  २०७० का अनिवार्य नेपाली विषयका प्रश्नहरूमा मात्र यो अध्ययन केन्द्रित रहेको छ । यस अनुसन्धानको सीमाङ्कन निम्नानुसार गरिएको छ :

क) प्रवेशिका परीक्षा २०७० मा सोधिएका अनिवार्य नेपाली विषयका प्रश्नपत्रहरूको मात्र अध्ययन गरिएको छ ।

ख) प्रवेशिका परीक्षा २०७० को अनिवार्य नेपाली विषयका पूरक परीक्षामा सोधिएका प्रश्नको अध्ययन प्रस्तुत अनुसन्धानमा गरिएको छ ।

ग) प्रवेशिका परीक्षा २०७० का अनिवार्य नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन गर्दा विशिष्टीकरण तालिकामा निर्देशित विधा, व्याकरणात्मक पक्ष, शव्दभण्डार, स्पष्टीकरण, प्रश्नको सङ्ख्या, अङ्कभार, क्षेत्र आदिलाई आधार बनाइएको छ ।

घ) प्रश्नहरूको विश्लेषण २०६५ मा प्रकाशित गरिएको विशिष्टीकरण तालिकाका आधारमा गरिएको छ ।

ङ) प्रश्नहरूको विश्लेषण बाह्य र आन्तरिक आधारमा गरिएको छैन ।

# परिच्छेद-दुई

# सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन :

व्यावहारिक उद्देश्य र विषयवस्तु (पाठ्यविषय)अनुसार कतिवटा प्रश्नहरू बनाउने भनेर बनाइएको तालिका वा चार्टलाई विशिष्टीकरण तालिका भनिन्छ । विशिष्टीकरण तालिकामा विषयवस्तु र विशिष्ट उद्देश्यअनुसार सोध्न सकिने प्रश्नहरूको नमुना, त्यस विषयवस्तुभित्र कतिवटा प्रश्नहरू सोध्न सकिन्छ ; त्यसको सङ्केत, प्रश्नहरू कुन रूपमा सोध्ने; त्यसको झलक आदि पक्षहरू समावेश हुन्छन् (शर्मा, २०५८:१५५) ।

पाठ्क्रममा जे-जति पाठ्यवस्तुहरू रहेका हुन्छन्, ती सबैको परीक्षण गर्न कमै सम्भव हुन्छ तर तिनको प्रतिनिधिपरक परीक्षण हुने व्यवस्था मिलाउन सकिन्छ । त्यो व्यवस्था मिलाउनका लागि बनाइने चार्ट नै विशिष्टीकरण तालिका हो (अधिकारी, २०६३:२००) ।

व्यावहारिक उद्देश्यहरूको सूची तयार गरेपछि त्यसलाई तालिकाको रूपमा राखिन्छ । त्यस तालिकालाई विशेषीकृत तालिका भनिन्छ । विशिष्टीकरण तालिकाको प्रयोगबाट शिक्षण कार्यमा, विषयगत वैधतामा, मूल्याङ्कनको प्रभावकारितामा क्रमशः वैधता र प्रभावकारिता बृद्धि हुन्छ (शर्मा एण्ड शर्मा, २०६५:२४२) ।

पाठ्यक्रम विकास केन्द्र (२०६५) ले विशिष्टीकरण तालिकालाई निम्नअनुसार चिनाएको छ :

> "परीक्षा सञ्चालन गर्नु अघि प्रश्नपत्रहरू बनाउन कुन एकाइ वा पाठबाट कुन प्रकारको प्रश्न सोध्ने, कुन उद्देश्यको मूल्याङ्कन गर्न कस्तो प्रश्नपत्र तयार गर्ने, प्रश्नहरूको अङ्कभार कति दिने, कुन प्रश्नलाई कति समय निर्धारण गर्ने जस्ता कुराहरू विचार गरेर प्रश्नपत्र निर्माण गर्नु आवश्यक हुन्छ । यिनै कुराहरू समावेश गरी तयार पारिने तालिकालाई विशिष्टीकरण तालिका भनिन्छ (पृ.-१)। "

अतः विशिष्टीकरण तालिका निर्माण गर्दा पाठ्यक्रमका साधारण र विशिष्ट उद्देश्यहरू, विषयवस्तुका क्षेत्र र विधाहरू, सिकाइका विभिन्न तहहरू, पाठ्क्रमद्वारा निर्दिष्ट पाठ्यभार र विषयवस्तुको व्यापकता, परीक्षामा सोधिने प्रश्नका प्रकार, प्रश्नका स्तर, प्रश्नका सङ्ख्या, अङ्कभार र समय, प्रश्ननिर्माणका लागि स्पष्ट मार्गनिर्देशन दिने आदि पक्षहरूलाई समावेश गर्नुपर्दछ ।

विशिष्टीकरण तालिकाका सन्दर्भमा नेपाली बृहत् शब्दकोश (२०६७) उल्लेख गर्दछ : “कुनै विषय वा कुरालाई विशिष्ट रूपमा देखाउन तयार गरिएको सूची वा फेहरिस्त नै विशिष्टीकरण तालिका हो ।”

पाठ्यक्रमका अपेक्षाहरूको विश्लेषण गरेर परीक्षणीय उद्देश्यहरूको निर्धारण गरेपछि परीक्षणीय विषयवस्तु, परीक्षण प्रक्रिया, परीक्षण प्रश्नका प्रकार, प्रश्नको सङ्ख्या, अङ्कभार, समय तथा परीक्षण उद्देश्यका क्षेत्र एवम् तहहरूको स्पष्ट खाका निर्माण गरिन्छ । यसरी निर्माण गरिएको स्पष्ट खाकालाई नै विशिष्टीकरण तालिका भनिन्छ (शर्मा र पौडेल, २०६७:३४१) ।

पाठ्यक्रमका निर्दिष्ट उद्देश्यहरू प्राप्त भए नभएको लेखाजोखा गर्न परीक्षण गरिन्छ । परीक्षणलाई योजनाबद्ध र प्रभावकारी बनाउने महŒवपूर्ण साधन मध्येको एउटा साधन विशिष्टीकरण तालिका हो (पराजुली र अन्य, २०६८:१४८) । परीक्षणलाई सार्थक र उद्देश्यपूर्ण बनाउनका लागि सघाउ पुऱ्याउने सुविचारित खाका नै विशिष्टीकरण तालिका हो (भुसाल र आचार्य, २०६९:१६८) ।

माथिका विभिन्न सन्दर्भहरूबाट विशिष्टीकरण तालिकाले शिक्षक, विद्यार्थी र प्रश्नपत्र निर्माणकर्तालाई पाठ्यक्रमका उद्देश्यहरू पूरा हुने गरी विषयवस्तुका सम्पूर्ण क्षेत्र र विधा समेटेर प्रश्ननिर्माण गर्न, समय, पूर्णाङ्क तथा प्रश्नको सङ्ख्या किटान गर्न, कुन विधा वा क्षेत्रबाट कस्ता र कति प्रश्नहरूको निर्माण गर्ने भन्ने बारेमा निर्देशन गर्न, सबै सीप र दक्षता समेट्ने गरी प्रश्नपत्र निर्माण गर्न, प्रश्नपत्र निर्माणकर्ता र शिक्षकलाई पथप्रदर्शन गर्न, प्रश्नपत्रलाई वैज्ञानिक र व्यवस्थित बनाई एकरूपता ल्याउन, परीक्षामा विश्वसनीयता ल्याउन र विद्यार्थी विद्यार्थीबीचको उपलब्धि तुलना गर्न,  पाठको उद्देश्य र विद्यार्थी उपलब्धिबीच तुलना गर्न, विद्यार्थीहरूमा सम्पूर्ण क्षेत्र र विधा समेटेर पढ्ने बानीको विकास गर्न, शैक्षणिक योजना निर्माणमा मूल्याङ्कनका प्रश्नहरू तय गर्न सहयोग गर्ने कुरा स्पष्ट हुन्छ ।

अतः विशिष्टीकरण तालिका मूल्याङ्कनका साधनहरूमध्येको एक महŒवपूर्ण साधन हो । यसले मूल्याङ्कनलाई  वैध, प्रामाणिक र विश्वसनीय बनाउन मद्दत गर्दछ । पाठ्यक्रमका उद्देश्यहरू के-कस्ता रहेका छन् ?, तिनीहरूको विश्लेषण गरी परीक्षण प्रक्रिया, परीक्षण प्रश्नका प्रकार, प्रश्नसङ्ख्या आदिको निर्धारण गर्नमा महŒवपूर्ण टेवा प्रदान गर्ने चार्ट वा तालिकालाई नै विशिष्टीकरण तालिका भनिन्छ । विशिष्टीकरण तालिकाका आधारमा प्रवेशिका परीक्षा २०७० का अनिवार्य नेपाली विषयमा सोधिएका प्रश्नहरूको अध्ययन नामक प्रस्तुत शोधकार्यमा विशिष्टीकरण तालिकाका यिनै सैद्धान्तिक मान्यतामा टेकेर प्रश्नहरूको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन :

प्रश्न विश्लेषणसँग सम्बन्धित भएर विभिन्न अनुसन्धानहरू हुँदै आएका छन् । प्रवेशिका स्तरका प्रश्नहरूको निर्माण र परिमार्जनका सन्दर्भमा (२०२८-२०३२) पूर्व र पछिका प्रश्नहरूमा केही फरकपन देखिन्छ । २०२८ पूर्वका प्रश्नहरूले सङ्ज्ञानात्मक सीप, कण्ठस्थीकरणमा जोड दिएका छन् । २०२८ को पाठ्यक्रम परिवर्तन पश्चात्का प्रश्नहरूमा पनि पाठ्क्रमको मार्गअनुरूप प्रश्न बन्न नसक्नु, प्रश्नहरू बहुमुखी बन्नु, समय र अङ्कभारमा सन्तुलन नहुनु, भाषिक निर्देशनमा आन्तरिक र बाह्य त्रुटिहरू रहनुजस्ता कमीकमजोरी रहेका छन् (खनाल,२०६९:०२) ।

शिक्षाशास्त्र सङ्काय केन्द्रीय विभाग कीर्तिपुरका रामचन्द्र इटनी (२०५९) द्वारा 'एस.एल.सी. टेस्ट परीक्षा २०५८ मा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नहरूको अध्ययन' शीर्षकमा स्नातकोत्तर तहको शोधकार्य पूरा गरिएको पाइन्छ । उक्त शोधकार्य प्रश्ननिर्माणका विभिन्न आधारहरूका आधारमा प्रश्नको विश्लेषण गर्ने, विशिष्टीकरण तालिकाका आधारमा प्रश्नको विश्लेषण गर्ने, प्रश्नहरूका सबल र दुर्बल पक्षहरू पहिल्याउने जस्ता उद्देश्यहरूमा केन्द्रित रहेको पाइन्छ । मूलतः पुस्तकालय अध्ययनको उपयोग गरिएको उक्त शोधकार्यमा प्रश्नहरूको भाषिक सीप पक्षमा विशेष ध्यान दिनुपर्ने निष्कर्ष निकालिएको छ ।

यसै गरी २०५८ सालमा उपयोग गरिएका कक्षा आठका नेपाली भाषा विषयका प्रश्नहरूलाई लिएर दिलीपकुमार आचार्य (२०५९)ले 'कक्षा आठको नेपाली भाषाका प्रश्नहरूको विश्लेषण' शीर्षकको शोधकार्य तयार गरेको पाइन्छ । यस शोधकार्यमा प्रश्ननिर्माणका आन्तरिक बाह्य आधारहरूका आधारमा भाषिक प्रश्नहरूको विश्लेषण गरेको पाइन्छ । प्रश्ननिर्माणमा विविधता हुनुका कारणहरू पहिल्याउन सङ्कलन गरिएका प्रश्नहरूका उपआधारहरूमा आधारित रही अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्ने काम गरिएको छ (आचार्य, २०५९:५८) ।

शोधार्थी कमलबहादुर बस्नेत (२०६२) ले 'कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६१ मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन' शीर्षकमा शोधकार्य पूरा गरेको पाइन्छ । प्रस्तुत अध्ययनमा प्रश्न विश्लेषणका बाह्य र आन्तरिक आधारहरूलाई विभिन्न उपआधारहरूमा विभाजन गरिएको छ । उक्त अध्ययनमा प्रश्नहरूको उपयुक्त निर्देशनमा ध्यान दिनु पर्ने, समय निर्धारण आदि जस्ता कुरामा ध्यान पुऱ्याउनु पर्ने जस्ता सुझावहरू प्रस्तुत गरिएको छ ।

'प्रवेशिका परीक्षा २०६४ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन' शीर्षकको शोधपत्र भागवता पोखेलले तयार पारेको देखिन्छ । यस अनुसन्धानमा प्रश्ननिर्माणका बाह्य र आन्तरिक आधारमा प्रश्नहरूको तुलनात्मक अध्ययन गरिएको छ । प्रवेशिका परीक्षा २०६४ मा सोधिएका प्रश्नहरूका कमीकमजोरी पत्ता लगाउँदै सैद्धान्तिक विश्लेषण गरिएको छ । यस अनुसन्धानमा प्रश्नहरूको समग्र अवस्थाको मूल्याङ्कन र वैधानिकताको मापन भएको पाइँदैन ।

रेनुका गौतम (२०६६) द्वारा 'जिल्ला स्तरीय परीक्षा २०६४ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन' शीर्षकमा शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहको शोधकार्य भएको पाइन्छ । त्यस शोधपत्रमा जिल्ला स्तरीय परीक्षा २०६४ का प्रश्नहरूलाई प्रश्नपत्र निर्माणका आन्तरिक र बाह्य आधारमा, पाठ्यक्रमअनुरूपताका आधारमा र विशिष्टीकरण तालिका आधारमा विश्लेषण गरिएको छ । पुस्तकालयीय अध्ययनमा आधारित रही तयार गरिएको उक्त शोधपत्रले निर्देशन, अङ्क विभाजन, छपाइ, कागजको स्तर आदि आधारमा प्रश्नहरू उपयुक्त नभएका निष्कर्ष निकाली आवश्यक सुझावहरू प्रस्तुत गरेको छ ।

बलराम भट्टराई (२०६८) द्वारा '२०६७ सालको जिल्ला स्तरीय परीक्षा (कक्षा-८) मा सुनसरी जिल्लामा सोधिएका नेपाली विषयका प्रश्नहरूको अध्ययन' शीर्षकमा सुकुना बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहको शोधकार्य भएको पाइन्छ । खास गरी पुस्तकालय अध्ययनमा आधारित रहेर तयार पारिएको प्रस्तुत शोधपत्र प्रश्नहरूको सैद्धान्तिक अध्ययन गर्ने, आन्तरिक र बाह्य आधारहरूका कसीमा प्रश्नहरूलाई केलाउने कार्यमा केन्द्रित रहेको छ । उक्त अध्ययनमा प्रश्नपत्रमा अनिवार्य रूपमा निर्देशन दिनुपर्ने, प्रश्नहरू सरलदेखि जटिलको क्रममा राख्नुपर्ने, विशिष्टीकरण तालिकाको उपयोग गरी प्रश्नहरू निर्माण गर्नुपर्ने आदि जस्ता सुझावहरू प्रस्तुत गरिएको छ ।

पुण्यराज खनाल (२०६९) द्वारा 'प्रवेशिका परीक्षा २०६७ मा पाँच विकास क्षेत्रमा अनिवार्य नेपाली विषयका प्रश्नहरूको अध्ययन' शीर्षकमा सुकुना बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तहको शोधकार्य पूरा गरेको पाइन्छ । यो अनुसन्धानमा २०६७ को प्रवेशिका परीक्षामा सोधिएका प्रश्नहरूको भाषिक सीप मापनका दृष्टिले बाह्य आधारमा प्रश्नहरूको विश्लेषण गर्दै, आन्तरिक आधारमा प्रश्नहरूको उपयुक्तताको विश्लेषण गर्दै र विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरूको विश्लेषण गर्दै निष्कर्ष निकाल्ने काम गरिएको छ ।

सुशीला खनाल (२०६९) द्वारा 'कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६७ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन' शीर्षकमा सुकुना बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहको शोधकार्य पूरा गरेको पाइन्छ । यो अध्ययन पूरा गर्नका निम्ति तुलनात्मक र पुस्तकालय अध्ययनको उपयोग गरिएको छ । यस प्रतिवेदनमा  प्रश्नहरूको विश्लेषण बाह्य र आन्तरिक आधारमा गरिएको छ । यस अनुसन्धानमा प्रश्नहरूको निर्माण गर्दा निर्देशन, अङ्क विभाजन, समय निर्धारण, प्रस्तुति अनुक्रम, कागजको स्तर, छपाइ आदि दृष्टिले प्रश्नहरू कमजोर रहेका निष्कर्षमा पुगी उपयुक्त सुझावहरू प्रस्तुत गरिएको छ ।

यसरी अग्रज शोधकर्ताहरूबाट माथि उल्लिखित विभिन्न शीर्षकमा अनुसन्धानहरू भएपनि 'विशिष्टीकरण तालिकाका आधारमा प्रवेशिका परीक्षा २०७० को अनिवार्य नेपाली विषयमा सोधिएका प्रश्नहरूको अध्ययन' शीर्षकमा कुनै पनि शोधकार्य भएको पाइएन । प्रवेशिका परीक्षा वर्षैपिच्छे सञ्चालन हुने गर्दछ र सो परीक्षामा सोधिएका नेपाली विषयका प्रश्नहरूको समग्र अध्ययन हुन सक्ने सम्भावना पनि नभएकाले यस शीर्षकमा अध्ययन गर्नु आवश्यक मानिएको छ ।


## २.३ अध्ययनका लागि पुनरवलोकनको उपादेयता :

अनुसन्धान कार्य पूरा गर्नका निम्ति पुनरवलोकनले महŒवपूर्ण सहयोग प्रदान गर्दछ । पूर्वकार्यको समीक्षा गर्ने काम समस्याको छनोट गर्नुभन्दा अगाडि नै हुन्छ र अनुसन्धान परियोजनालाई पूर्णता दिने बेलासम्म चलिरहन्छ (निउरे र घिमिरे, २०७०:२४०) । पुनरवलोकनले समस्यको क्षेत्र छनोट गर्ने, अनुसन्धानको शीर्षक छनोट गर्ने, अनुसन्धानको ढाँचा तय गर्ने, अनुसन्धानलाई पूर्णता दिने आदि कार्यमा सहयोग पुऱ्याउँछ । कुन कुन सिद्धान्त र प्रविधिको उपयोग गरी कस्ता कस्ता अनुसन्धानहरू भएका छन् ? भन्ने कुराको जानकारी पनि यसबाट पाउन सकिन्छ (निउरे र घिमिरे, २०७०:२४१) । सम्बन्धित साहित्यको पुनरवलोकनले अनुसन्धानको रूपरेखा तय गरी शोधकार्यलाई सुस्पष्ट मार्गनिर्देशन गर्ने कार्यमा सहयोग गर्दछ ।

अतः प्रस्तुत शोधकार्यमा गरिएको पुनरवलोकनले समस्याको क्षेत्र छनोट गरी शीर्षक चयन गर्ने, अनुसन्धानको सैद्धान्तिक ढाँचा निर्माण गर्ने, अनुसन्धानको रूपरेखा तयार गरी शोधकार्यलाई स्पष्ट मार्ग प्रदर्शन गर्ने कार्यमा सहयोग प्रदान गरेको छ ।

**२.४ अवधारणात्मक ढाँचा :**

शोधकार्यको अवधारणात्मक ढाँचा भन्नाले अनुसन्धानको रूपरेखा भन्ने बुझिन्छ । अवधारणात्मक ढाँचामा अध्ययन गर्न लागिएको समस्यामा निहित चलहरू र ती चलहरू बीचको सम्बन्धलाई चित्रात्मक वा व्याख्यात्मक रूपमा उल्लेख गर्न सकिन्छ (निउरे र घिमिरे,२०७०:२४२) । अवधारणात्मक ढाँचाअन्तर्गत अनुसन्धानका मुख्य पक्षहरूमा अनुसन्धानकर्ताले बनाउने धारणालाई चित्रात्मक रूपमा प्रस्तुत गरिन्छ । प्रस्तुत अध्ययनको अवधारणात्मक ढाँचालाई निम्नानुसार प्रस्तुत गरिन्छ :



# परिच्छेद - तीन
# अध्ययनको विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि :

प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको अध्ययन हो । त्यसैले यस अध्ययनमा वर्णनात्मक र विश्लेषणात्मक विधि तथा पुस्तकालयीय अध्ययनलाई आवश्यकताअनुसार प्रयोग गरिएको छ । विशिष्टीकरण तालिकाको सहयोगले प्रश्नहरूको विश्लेषण गरिएको छ । पुस्तकालयीय अध्ययन, प्रश्नहरू र विशिष्टीकरण तालिकाको तुलनाबाट प्राप्त तथ्यलाई वर्णनात्मक अनुसन्धान ढाँचामा प्रस्तुत गरिएको छ । यस क्रममा निम्नलिखित दुई किसिमका सामग्रीहरू प्रयोगमा ल्याइएको छ :

### ३.१.१ प्राथमिक सामग्री :

प्रस्तुत शोधकार्य विशिष्टीकरण तालिकाका आधारमा प्रवेशिका परीक्षा २०७० को अनिवार्य नेपालीका प्रश्नपत्रहरूको विश्लेषणमा केन्द्रित रहेको छ । त्यसैले प्रस्तुत अध्ययनका प्राथमिक सामग्रीका रूपमा प्रवेशिका परीक्षा २०७० को अनिवार्य नेपाली विषयमा पाँच विकास क्षेत्र तथा पूरक परीक्षामा सोधिएका प्रश्नहरू र एस.एल.सी. विशिष्टीकरण तालिका २०६५ रहेका छन् ।

### ३.१.२ द्वितीयक सामग्री :

प्रस्तुत विषयक्षेत्रसँग सम्बन्धित भई लेखिएका विभिन्न लेखहरू, अनुसन्धानहरू, पाठ्यसामग्रीहरू आदि यस अनुसन्धानका द्वितीयक सामग्रीका रूपमा रहेका छन् ।

## ३.२ अध्ययनको क्षेत्र :

प्रस्तुत अनुसन्धान गुणात्मक प्रकृतिको अनुसन्धान रहेको छ । यस अनुसन्धानलाई पूर्णता दिनका लागि पुस्तकालयीय अध्ययनको प्रयोग गरिएको छ । त्यसैले प्रस्तुत अध्ययनको भौगोलिक सीमाङ्कन गर्न सकिँदैन । प्रस्तुत अध्ययनको विषयक्षेत्र भाषिक उपलब्धि तथा मूल्याङ्कन हो । भाषिक उपलब्धि तथा मूल्याङ्कन भित्रको पनि प्रश्नपत्र चाहिँ यस अध्ययनको मुख्य विषयक्षेत्र रहेको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधन र तरिका :

गुणात्मक प्रकृतिको अनुसन्धानमा लिखित प्रमाणहरू, अवलोकन आदिका माध्यमबाट शब्दगत रूपमा तथ्यहरू सङ्कलन गरिन्छ (भट्टराई, २०६८:८) । त्यसैले यस अध्ययनलाई पूर्णता दिन एस.एल.सी. विशिष्टीकरण तालिका २०६५, प्रवेशिका परीक्षा २०७० को अनिवार्य नेपाली विषयमा सोधिएका प्रश्नहरू, प्रस्तुत विषयक्षेत्रसँग सम्बन्धित लेखहरू तथा अनुसन्धान आदिलाई नै तथ्याङ्क सङ्कलनका साधनका रूपमा लिइएको छ । तथ्याङ्क सङ्कलन गर्न विभिन्न पुस्तकहरूको अध्ययन, विशिष्टीकरण तालिका र प्रश्नहरूको तालमेलको स्थितिलाई तुलना गर्ने, प्रस्तुत विषयक्षेत्रसँग सम्बन्धित विभिन्न लेख, जर्नलहरूको अध्ययन गर्ने कार्य गरिएको छ ।

**३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया :**

प्रस्तुत अध्ययनमा प्रवेशिका परीक्षा २०७० मा अनिवार्य नेपाली विषयका प्रश्नहरूलाई एस.एल.सी. विशिष्टीकरण तालिका २०६५ का आधारमा अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ । विशिष्टीकरण तालिकाले निर्देश गरेका प्रश्नको सङ्ख्या, अङ्कभार, समय, व्यावहारिक सीप, बोध, ज्ञान आदि सबै कुराहरूलाई आधार बनाएर पुस्तकालयीय अध्ययनको उपयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

**३.५ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया** :

प्रस्तुत अनुसन्धान गुणात्मक प्रकृतिको रहेको छ । त्यसैले प्रवेशिका परीक्षा २०७० को अनिवार्य नेपाली विषयमा सोधिएका प्रश्नहरूको वर्णनात्मक, विश्लेषणात्मक र व्याख्यात्मक पद्धतिबाट व्याख्या तथा विश्लेषण गरिएको छ । अध्ययनका क्रममा पुस्तकालयीय अध्ययनका माध्यमबाट एस.एल.सी. विशिष्टीकरण तालिका २०६५ को सहयोग लिई प्रश्नहरूको विश्लेषण गरिएको छ । विषयविज्ञको सल्लाहअनुसार विश्लेषणका आधारहरू तयार गरिएका छन् । प्रश्नहरूको विश्लेषण गर्दा आवश्यकताअनुसार तालिकीकरण विधिको पनि प्रयोग गरिएको छ । विशिष्टीकरण तालिकाले निर्देश गरेका विधा, परीक्षणीय पक्ष, ज्ञान, बोध, व्यावहारिक सीप, उच्च दक्षता, प्रश्नसङ्ख्या, अङ्कभार, समय आदि पक्षलाई आधार मानी प्रश्नहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ र ती तथ्यहरूका आधारमा प्रश्नहरूको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

# परिच्छेद-चार

# नतिजाको व्याख्या र विश्लेषण

## ४.१ विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरूको विश्लेषण :

विशिष्टीकरण तालिकाले शिक्षक तथा प्रश्नपत्र निर्माणकर्तालाई प्रश्नपत्र बनाउँदा विषयवस्तुगत वैधता निर्धारण गर्न निर्देशित गर्दछ (पराजुली र अन्य, २०६८:१४९) । यसमा पाठ्यक्रमको उद्देश्यअनुसार परीक्षा र मूल्याङ्कन प्रतिबिम्बित भएको हुन्छ । प्रश्नपत्रको निर्माणमा विशिष्टीकरण तालिकाको प्रयोग नगर्दा वा सही ढङ्गले प्रयोग नगर्दा विद्यार्थीहरूको उपलब्धिलाई अङ्कमा बदल्न गरिने मापनमा असर पर्दछ । पाठ्यक्रमका निर्दिष्ट उद्देश्यहरू पूर्ति भए भएनन् भन्ने कुराको लेखाजोखा गर्ने प्रक्रिया मूल्याङ्कन हो भने मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाउने साधनमध्ये विशिष्टीकरण तालिका पनि एक हो (विशिष्टीकरण तालिका, २०६५:१) । विशिष्टीकरण तालिकामा पाठ्यक्रमअनुरूप प्रश्ननिर्माणका लागि क्षेत्र, विधा, ज्ञान, बोध, व्यावहारिक सीप र उच्च दक्षताको मापन गर्न सोध्नुपर्ने जम्मा प्रश्नहरू, उत्तर लेखन गर्न उपलब्ध  गराइने समय र प्रश्नहरूका सम्बन्धमा स्पष्टीकरण  पनि समावेश गरिएको हुन्छ । यसले शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्दा कुन उद्देश्यका लागि कुन विषयवस्तुलाई कसरी शिक्षण गर्ने हो भन्ने मार्गनिर्देशन पनि गरेको हुन्छ ।

प्रश्नपत्रको आन्तरिक पक्षलाई सबल बनाउन र प्रश्नपत्रलाई वैध र विश्वसनीय बनाउन विशिष्टीकरण तालिकाको महŒवपूर्ण स्थान रहको हुन्छ (ओभmा, ०७३ : ६८) । परीक्षण विधि, प्रक्रिया तथा साधन र स्रोत छनोट गर्न एवम् प्रश्ननिर्माणमा त्रुटि नहोस् र उपयुक्त परीक्षण योजना तयार होस् भन्नका लागि विशिष्टीकरण तालिकाको निर्माण र प्रयोग अपरिहार्य हुन्छ ( शर्मा र पौडेल, २०६७ : ३४१) । अतः यसको सहयोगले पाठ्यक्रमअनुरूपता, विश्वसनीयता, वैधता, विभेदकारिता, विविधता, आप्यता, स्तरयुक्तता र विषयवस्तुगत सन्तुलन जस्ता आवश्यक गुणहरूले प्रश्न र परीक्षण विधिलाई सार्थक बनाउन ठूलो मद्दत पुऱ्याउँछ ।

प्रश्ननिर्माणमा महŒवपूर्ण साबित भएको विशिष्टीकरण तालिकाका क्षेत्र, विधा, ज्ञान, बोध, व्यावहारिक सीप, उच्च दक्षता, प्रश्नको सङ्ख्या, अङ्कभार, समय र स्पष्टीकरण तालिकाका आधारमा यहाँ प्रश्नहरूको अध्ययन विश्लेषण गरिएको छ ।

### ४.१.१ शब्दभण्डार :

शव्दभण्डार क्षेत्रअन्तर्गत ज्ञान तहका दुईओटा, व्यावहारिक सीप मापन गर्ने एकओटा, जम्मा प्रश्न तीनओटा, उत्तर दिनुपर्ने प्रश्नको सङ्ख्या तीनओटा, अङ्कभार बाह्र र समय २१ मिनेट निर्धारण गर्नुपर्ने भनी विशिष्टीकरण तालिकाले निर्देश गरेको छ । यी माथिका कुराहरूलाई तलका उपशीर्षकहरूमार्फत छुट्टाछुट्टै अध्ययन गरिएको छ ।

#### ४.१.१.१ शब्दार्थ :

शब्दभण्डारभित्रको शब्दार्थ विधाअन्तर्गत विशिष्ट तथ्य, पुनःस्मरण, प्राप्त सूचना र प्रतिक्रियाको मूल्याङ्कन गर्ने खालका निर्णयात्मक ज्ञानसम्बद्ध प्रश्नहरू सोध्नुपर्ने हुन्छ ( विशिष्टीकरण तालिका, २०६५:६) । यस विधामा ज्ञान तहको जम्मा एउटा प्रश्न सोधी सोही प्रश्नको उत्तर दिन लगाउनुपर्ने व्यवस्था गरेको छ । यसका लागि अङ्कभार चार र समय ७ मिनेट निर्धारण गरेको छ । २०७० सालका पाँचै विकास क्षेत्रका साथै पूरक परीक्षाका प्रश्नपत्रमा शब्दभण्डार विधाअन्तर्गतको शब्दार्थ विधाको प्रतिनिधित्व गर्ने ज्ञान तहको एउटा प्रश्न सोधिएको, सोही एउटा प्रश्नको उत्तर लेख्न लगाइएको र अङ्कभार चार तोकिएको छ तर समयको उल्लेख प्रश्नमा गरिएको छैन । यो प्रश्नपत्रमा भएको खराब पक्ष हो । शब्दार्थ विधाबाट सोधिएका प्रश्नहरूको वितरण कुन रूपमा गरिएको छ भन्ने जान्नका लागि तलको तालिका हेर्न सकिन्छ :

पाठमा प्रयोग भएका कुनै आठओटा (तत्सम-४, तद्भव-२ र आगन्तुक-२) शब्द र अर्थ दिई जोडा मिलाउन लगाउने भनी स्पष्टीकरण तालिकामा लेखिएको छ । माथिको तालिकाअनुसार २०७० सालको प्रवेशिका परीक्षामा सोधिएको पूर्वाञ्चल विकास क्षेत्रको प्रश्नमा पाठबाटै आठओटा पर्ने गरी तत्सम-४ ओटा, तद्भव-१ ओटा र आगन्तुक-३ ओटा , मध्यमाञ्चल विकास क्षेत्रको प्रश्नमा तत्सम-४ ओटा, तद्भव-२ ओटा र आगन्तुक-२ ओटा, पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा तत्सम-४ ओटा, तद्भव-१ ओटा र आगन्तुक-३ ओटा, मध्य-पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा तत्सम-५ ओटा, तद्भव-० ओटा र आगन्तुक-३ ओटा , सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा तत्सम-५ ओटा, तद्भव-१ ओटा र आगन्तुक-२ ओटा र पूरक परीक्षाको प्रश्नमा तत्सम-६ ओटा, तद्भव-१ ओटा र आगन्तुक-१ ओटा शब्द दिई शब्द र अर्थका बीच जोडा मिलाउन लगाइको छ ।

माथिको सैद्धान्तिक विश्लेषण र तालिकालाई हेर्दा विशिष्टीकरण तालिकाको स्पष्टीकरणलाई ख्याल गरी प्रश्ननिर्माण गरिएको छैन । विशिष्टीकरण तालिकाअनुसार प्रश्नहरूको निर्माण नहुँदा प्रश्नको विश्वसनीयता र वैधतामाथि नै प्रश्न चिह्न खडा हुन्छ ।

**४.१.१.२ शब्दज्ञान :**

शब्दज्ञानसँग सम्बन्धित प्रश्न पनि ज्ञान तहको प्रश्न हो (विशिष्टीकरण तालिका, २०६५:६) । यस तहका प्रश्नहरू विशिष्ट तथ्य, पुन:स्मरण, प्राप्त सूचना र प्रतिक्रियाको मूल्याङ्कन गर्ने खालका छन् । सबै प्रश्नमा शब्दज्ञान विधाअन्तर्गतको प्रश्न जम्मा एकओटा सोधिएको र सोही एउटा प्रश्नको उत्तर लेख्न लगाइएको छ । यस प्रश्नको अङ्कभार तोकिएअनुसारको ३ नै दिइएको छ तर विशिष्टीकरण तालिकाले यस प्रश्नका लागि तोकेको ५ मिनेटको समयका बारेमा कुनै जानकारी दिइएको छैन । यस विधाबाट सोधिएका प्रश्नहरूको वितरणलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

पाठमा प्रयुक्त अनेकार्थीबाट दुईओटा, पर्यायवाचीबाट दुईओटा, विपरीतार्थीबाट एकओटा र श्रुतिसमभिन्नार्थीबाट एकओटा गरी जम्मा छओटा शब्दनिर्देश वा सङ्केतबमोजिम लेख्न लगाउने कुरा विशिष्टीकरण तालिकाको स्पष्टीकरणमा लेखिएको छ । यसअनुसार पूर्वाञ्चल विकास क्षेत्रको प्रश्नमा पर्यायवाचीबाट दुईओटा, अनेकार्थीबाट दुईओटा, विपरीतार्थीबाट एकओटा र श्रुतिसमभिन्नार्थीबाट एकओटा, मध्यमाञ्चल विकास क्षेत्रको प्रश्नमा अनेकार्थीबाट दुईओटा, पर्यायवाचीबाट दुईओटा, विपरीतार्थीबाट एकओटा र श्रुतिसमभिन्नार्थीबाट एकओटा, पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा अनेकार्थीबाट दुईओटा, पर्यायवाचीबाट दुईओटा, विपरीतार्थीबाट एकओटा र श्रुतिसमभिन्नार्थीबाट एकओटा, मध्यपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा अनेकार्थीबाट दुईओटा, पर्यायवाचीबाट दुईओटा, विपरीतार्थीबाट एकओटा र श्रुतिसमभिन्नार्थीबाट एकओटा, सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा अनेकार्थीबाट दुईओटा, पर्यायवाचीबाट दुईओटा, विपरीतार्थीबाट एकओटा र श्रुतिसमभिन्नार्थीबाट एकओटा र पूरक परीक्षाको प्रश्नमा अनेकार्थीबाट दुईओटा, पर्यायवाचीबाट दुईओटा, विपरीतार्थीबाट एकओटा र श्रुतिसमभिन्नार्थीबाट एकओटा गरी छओटा शब्दनिर्देश वा सङ्केतबमोजिम खाली ठाउँ भर्न लगाइएको कुरा माथिको तालिकाबाट स्पष्ट भएको छ ।

### ४.१.१.३ वाक्यमा प्रयोग :

वाक्यमा प्रयोगसम्बन्धी प्रश्न व्यावहारिक सीप मापन गर्ने प्रश्न हो (अधिकारी, २०६७:१३२) । यस विधाबाट प्रयोग गर्ने र संयोजन गर्ने जस्ता व्यावहारिक क्षमतासम्बन्धी प्रक्रियागत र अवस्थागत प्रश्नहरू सोधिएका छन् । पाँचै विकास क्षेत्रका प्रश्न र पूरक परीक्षाको प्रश्नमा शब्दभण्डार क्षेत्रअन्तर्गतको वाक्यमा प्रयोग गर्न लगाएर व्यावहारिक सीपको मापन गर्ने एकओटा प्रश्न सोधिएको र सोही प्रश्नको उत्तर दिन लगाइएको, अङ्कभार ५ नै दिइएको छ तर समयको उल्लेख प्रश्नहरूमा गरिएको छैन । कुनै पनि प्रश्नको लागि अङ्कविभाजन र समय निर्धारणले प्रश्नपत्रमा ठूलो महŒव राख्दछ (खनाल, २०६९ : ५७) । २०७० सालमा प्रवेशिका परीक्षामा सोधिएका नेपाली विषयका प्रश्नपत्रमा अङ्कभारलाई सही रूपमा दिइएको छ तर समयको विभाजन चाहीँ विशिष्टीकरण तालिकामा मात्र गरिएको छ त्यसको जानकारी प्रश्नपत्रमा दिइएको छैन । यी सबै कुराहरूलाई तलको तालिकामा देखाइएको छ :

विशिष्टीकरण तालिका (२०६५) को स्पष्टीकरण खण्डमा पाठमा प्रयुक्त विभिन्न प्रकृतिका शब्द (अनुकरणात्मक शब्द एकओटा, पारिभाषिक शब्द एकओटा, उखान एकओटा, टुक्का एकओटा र निपात एकओटा) दिई वाक्यमा प्रयोग गर्न लगाउने भनी तोकिएको छ । यसअनुसार पाँचओटै विकास क्षेत्र र पूरक परीक्षाका प्रश्नपत्रमा शब्दभण्डार क्षेत्रअन्तर्गतको वाक्यमा प्रयोगसँग सम्बन्धित प्रश्नमा अनुकरणात्मक शब्द एकओटा, पारिभाषिक शब्द एकओटा, उखान एकओटा, टुक्का एकओटा र निपात एकओटा दिई प्रत्येक शब्दलाई वाक्यमा प्रयोग गरेबापत एक अङ्क पाउने गरी जम्मा अङ्कभार पाँच तोकिएको कुरा माथिको तालिकाबाट स्पष्ट हुन्छ । यस विधाका प्रश्नमा पनि विशिष्टीकरण तालिकाले छुट्याएको समयको जानकारी गराइएको छैन ।

### ४.१.२ हिज्जे र लेख्यचिह्न :

हिज्जेको शिक्षण गर्दा पाठमा प्रयुक्त शब्दहरूको वर्णविन्यास हेर्ने र शुद्ध प्रयोग गर्ने पक्षमा जोड दिनुपर्छ (माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४:१६) । वर्णविन्यास क्षेत्रअन्तर्गतको शुद्धीकरण विधामा व्यावहारिक सीपको मापन गर्ने १+१=२ ओटा प्रश्नहरू सोध्नुपर्ने र उक्त दुई प्रश्नहरूका उत्तर लेख्न लगाउने व्यवस्था विशिष्टीकरण तालिकाद्वारा निर्देशित गरिएको छ । ती दुई प्रश्नहरूको जम्मा पूर्णाङ्क ५ तोकिएको छ  र यसका लागि समय ५+४=९ मिनेट छुट्याइएको छ । अध्ययन गरिएका प्रश्नपत्रहरूमा हिज्जे विधाबाट सोधिएका प्रश्नहरू शुद्ध प्रयोग सिकाउने उद्देश्य पूरा गर्न केन्द्रित रहेका छन् । वर्णविन्यास र लेख्यचिह्नबाट सोधिएका त्यस्ता प्रश्नहरूको अध्ययन तलका अनुच्छेद र तालिकामा गरिएको छ ।

#### ४.१.२.१ शुद्धीकरण :

विशिष्टीकरण तालिकाको स्पष्टीकरण खण्डमा एउटा शब्दमा एउटा मात्र अशुद्धि पर्ने गरी वर्णविन्यास चारओटा (ह्रस्वदीर्घ र पदयोग-पदवियोग) र लेख्यचिह्न दुईओटा पर्ने गरी छओटा अशुद्धि भएको गद्यांश दिई शुद्ध गर्न लगाउने प्रश्न एकओटा  र ह्रस्वदीर्घ, श-ष-स, ब-व र पञ्चम वर्णबाट चारओटा विकल्पमध्येबाट एक-एकओटा विकल्प छनोट गरी उत्तर लेख्ने प्रश्न एकओटा गरी जम्मा यस क्षेत्रबाट शुद्धीकरणसम्बन्धी दुईओटा प्रश्न सोध्ने भनी प्रश्ननिर्माणका लागि पथप्रदर्शन गरिएको छ । यस आधारमा प्रश्नहरूको विश्लेषण निम्नानुसारको तालिकामा गर्न सकिन्छ :

माथिको तालिकालाई अध्ययन गर्दा शुद्ध गरी लेख्ने पूर्वाञ्चल विकास क्षेत्रको प्रश्नमा वर्णविन्यासबाट तीनओटा र लेख्यचिह्नबाट दुईओटा, मध्यमाञ्चल विकास क्षेत्रको प्रश्नमा वर्णविन्यासबाट चारओटा र लेख्यचिह्नबाट दुईओटा, पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा वर्णविन्यासबाट चारओटा र लेख्यचिह्नबाट तीनओटा, मध्यपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा वर्णविन्यासबाट चारओटा र लेख्यचिह्नबाट तीनओटा, सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा वर्णविन्यासबाट चारओटा र लेख्यचिह्नबाट २ ओटा र पूरक परीक्षाको प्रश्नमा वर्णविन्यासबाट ४ ओटा र लेख्यचिह्नबाट २ ओटा त्रुटि दिई सच्याउन लगाइएको पाइयो । यस विधाबाट सोधिएका प्रश्नहरूमा पनि विशिष्टीकरण तालिकाले छुट्याएको समयको उल्लेख प्रश्नपत्रमा गरिएको छैन । कुनै प्रश्नमा ५ ओटा मात्र र कुनै प्रश्नमा ७ ओटा गल्ती दिई सच्याउन लगाउँदा विद्यार्थीमा अन्यौल बढ्नुका साथसाथै प्रश्नपत्रको विश्वसनीयतामाथि पनि प्रश्न चिह्न खडा हुन्छ ।

वर्णविन्यास र लेख्यचिह्न क्षेत्रअन्तर्गत शुद्धीकरण विधाको शुद्ध शब्द छनोट गरी लेख्ने पाँचै विकास क्षेत्र र पूरक परीक्षाका प्रश्नमा ह्रस्वदीर्घ, श-ष-स, ब-व र पञ्चम वणको प्रयोगबाट चारओटा बहुबैकल्पिक प्रश्न सोधिएको कुरा पनि माथिको तालिकामा स्पष्ट पारिएको छ ।

**४.१.३ व्याकरण :**

व्याकरण क्षेत्रबाट सोधिने प्रश्नहरू व्यावहारिक सीपको मापन गर्ने प्रकृतिका हुन्छन् (ओझा, २०७३:२३७) । माध्यमिक तहमा व्याकरण शिक्षण गर्नुको उद्देश्य बालबालिकालाई भाषाको शुद्ध प्रयोगप्रति अभिप्रेरित गर्नु हो (माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४:१६) । यसअनुसार व्याकरण क्षेत्रअन्तर्गत सोधिएका सबै प्रश्न विद्यार्थीहरूको भाषा प्रयोगको व्यावहारिक सीपको मापन गर्ने किसिमका छन् । यस क्षेत्रबाट पाँचओटा व्यावहारिक सीपको मापन गर्ने प्रश्न सोधिएका छन् र तिनै पाँच प्रश्नको उत्तर लेख्न लगाइएको छ । यस क्षेत्रका ४ विधाका प्रश्नहरूका लागि १८ अङ्कभार छुट्याइएको छ । ती सबै प्रश्नका लागि ३१ मिनेटको समय विभाजन विशिष्टीकरण तालिकामा गरिएको छ तर त्यसको जानकारी प्रश्नपत्रमा दिइएको छैन । यस क्षेत्रका शब्दवर्ग, शब्दनिर्माण, काल, पक्ष र भाव र वाक्यपरिवर्तन तथा वाक्यसंश्लेषण विधाका सबै प्रश्नहरू प्रवेशिका परीक्षा २०७० का प्रश्नहरूमा समावेश गरिएका छन् । त्यस्ता सबै प्रश्नहरूको अध्ययन तलका उपशीर्षकहरूमार्फत गरिएको छ ।

**४.१.३.१ शब्दवर्ग :**

शब्दवर्ग क्षेत्रबाट सोधिएका प्रश्न व्यावहारिक सीपको मापन गर्ने किसिमका छन् । यसबाट पाँचै विकास क्षेत्र र पूरक परीक्षाको प्रश्नमा एउटा प्रश्न समावेश गरिएको छ । त्यस प्रश्नका लागि अङ्कभार ४ तोकिएको छ । प्रश्नपत्रमा समाविष्ट यी सबै कुराहरू विशिष्टीकरण तालिकाअनुरूप रहेका छन् तर उक्त प्रश्नका लागि विशिष्टीकरण तालिकाले तोकेको ७ मिनेटको समयको उल्लेख प्रश्नमा गरिएको छैन । यी सबै कुराहरूलाई तलको तालिकामा देखाउन सकिन्छ :

विशिष्टीकरण तालिकाको स्पष्टीकरण खण्डमा आठओटा विभिन्न शब्दवर्गका शब्द रेखाङ्कन गरी पदवर्ग छुट्याउन लगाउने र पदवर्ग छुट्याउँदा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिवोधक र निपात नै लेख्नुपर्ने भनी निर्देश गरिएको छ । माथिको तालिका अध्ययन गर्दा पूर्वाञ्चल विकास क्षेत्रको प्रश्नमा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक र निपात पदवर्ग हुने विभिन्न आठओटा शब्दहरूमा रेखाङ्कन गरी पदवर्ग छुट्याउन लगाइएको, मध्यमाञ्चल विकास क्षेत्रका प्रश्नमा नाम, विशेषण, क्रिया, क्रियायोगी, विस्मयादिवोधक, संयोजक, निपात पदवर्ग हुने विभिन्न आठओटा शब्दहरूमा रेखाङ्कन गरी पदवर्ग छुट्याउन लगाइएको, पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक, निपात पदवर्ग हुने विभिन्न आठओटा शब्दहरूमा रेखाङ्कन गरी पदवर्ग छुट्याउन लगाइएको, मध्यपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, निपात, संयोजक पदवर्ग हुने विभिन्न आठओटा शब्दहरूमा रेखाङ्कन गरी पदवर्ग छुट्याउन लगाइएको, सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा नाम, सर्वनाम, क्रियायोगी, संयोजक, निपात, क्रिया, विस्मयादिवोधक पदवर्ग हुने विभिन्न आठओटा शब्दहरूमा रेखाङ्कन गरी पदवर्ग छुट्याउन लगाइएको र पूरक परीक्षाको प्रश्नमा नाम, सर्वनाम विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी र संयोजक पदवर्ग हुने विभिन्न आठओटा शब्दहरूमा रेखाङ्कन गरी पदवर्ग छुट्याउन लगाइएको पाइयो ।

यसरी अध्ययन गरिएका प्रश्नपत्रहरूको व्याकरण क्षेत्रको शब्दवर्गअन्तर्गतका प्रश्नहरू निर्माण गर्दा आठओटा विभिन्न शब्दवर्गका शब्दहरूमा रेखाङ्कन गरी पदवर्ग छुट्याउन लगाउने आधार त पूरा गरिएको छ तर पदवर्ग छुट्याउँदा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक, निपात र विस्मयादिवोधक नै लेख्न लगाउने भन्ने स्पष्टीकरणका लागि भने प्रश्न निर्देशनमा त्यस्तो किसिमको कुनै कुरा जनाइएको पाइँदैन ।

### ४.१.३.२ शब्दनिर्माण :

व्याकरण क्षेत्रको शब्दनिर्माण विधामा व्यावहारिक सीप परीक्षण गर्ने दुईओटा प्रश्न सोध्ने र तिनै दुई प्रश्नका उत्तर लेख्न लगाउने व्यवस्था विशिष्टीकरण तालिकाले गरेको छ । त्यस्ता दुई प्रश्नहरूका लागि छुट्टाछुट्टै दुई/दुई अङ्कभार छुट्याइएको छ । यी आधारबाट प्रश्नहरूको

विश्लेषण गर्दा प्रश्नहरू विशिष्टीकरण तालिकाअनुरूप नै निर्माण भएका छन्  तर यी प्रश्नका उत्तर लेखन गर्नका लागि छुट्याइएको ६ मिनेटको समयको उल्लेख चाहिँ प्रश्नपत्रमा गरिएको छैन । यसअनुसार यस विधाका प्रश्नहरूको वितरणलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

विशिष्टीकरण तालिकाको स्पष्टीकरण खण्डमा उपसर्ग र प्रत्यय लगाई शब्दनिर्माण गर्ने वा विभिन्न शब्द दिई आधारपद छुट्याउने र समास बिग्रह गर्ने दुई किसिमका प्रश्नहरू यस विधाबाट सोधिने कुरा उल्लेख गरिएको छ । यसअनुसार माथिको तालिका हेर्दा पूर्वाञ्चल, मध्यमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका प्रश्नपत्रमा २ ओटा उपसर्ग र दुईओटा प्रत्यय दिई शब्दनिर्माण गर्न लगाइएको र समासबाट २ ओटा अनि बिग्रहबाट दुईओटा प्रश्न सोधी समास वा बिग्रह गर्न लगाइएको पाइएको छ  तर पश्चिमाञ्चल विकास क्षेत्र र पूरक परीक्षाको प्रश्नमा चारओटा शब्द दिई मूल रूप पहिचान गरी उपसर्ग र प्रत्यय छुट्याउन लगाइएको र समासबाट दुईओटा र बिग्रहबाट दुईओटा प्रश्न सोधी समास र बिग्रह गर्न लगाइएको पाइएको छ । अतः व्याकरण क्षेत्रअन्तर्गतको शब्दनिर्माण विधाबाट सोधिएका प्रश्नहरू विशिष्टीकरण तालिकाअनुरूप छन् ।

**४.१.३.३ काल, पक्ष र भाव :**

व्याकरण क्षेत्रभित्रको काल, पक्ष र भाव विधाको प्रश्न व्यावहारिक सीपको मापन गर्ने प्रश्न हो (अधिकारी, २०७२:१८२) । यस विधाबाट एउटा प्रश्न सोधी सोही प्रश्नको उत्तर लेख्न लगाउनु पर्ने व्यवस्था विशिष्टीकरण तालिकाले गरेको छ । यस्तो प्रकृतिको प्रश्नका लागि उक्त तालिकाले ५ अङ्कभार तोकेको छ । यी सबै दृष्टिकोणबाट अध्ययन गरिएका प्रश्नहरू विशिष्टीकरण तालिकाअनुरूप रहेका छन्, तर प्रश्नपत्रमा यस प्रश्नका लागि तोकिएको ९ मिनेट समयको उल्लेख चाहिँ गरिएको छैन । विशिष्टीकरण तालिकाका विभिन्न आधारहरूलाई आधार मानी अध्ययन गर्दा तलको स्थिति रहेको पाइएको छ :

काल र पक्षबाट तीनओटा र भावबाट दुईओटा धातु र सङ्केत गरी पाँचओटा वाक्यका खाली ठाउँ भर्न लगाउने भनी यस प्रश्नका सम्बन्धमा विशिष्टीकरण तालिकामा स्पष्टीकरण दिइएको छ । यस आधारमा माथिको तालिका हेर्दा पाँचै विकास क्षेत्र र पूरक परीक्षाका प्रश्नमा काल र पक्षबाट धातु र सङ्केत दिई तीनओटा वाक्यका खाली ठाउँ भर्न लगाइएको र भावबाट धातु र सङ्केत दिई दुईओटा वाक्यका खाली ठाउँ भर्न लगाइएको छ । यसरी काल, पक्ष र भाव विधाबाट सोधिएका प्रश्नहरू विशिष्टीकरण तालिकाअनुरूप रहेका छन् ।

**४.१.३.४ वाक्यपरिवर्तन तथा वाक्यसंश्लेषण :**

व्याकरण क्षेत्रअन्तर्गतको वाक्यपरिवर्तन तथा वाक्यसंश्लेषण विधाबाट सोधिने प्रश्न पनि व्यावहारिक सीपको मापन गर्ने प्रश्न हो । यस विधाबाट पनि एकओटा प्रश्न सोधी सोही प्रश्नको उत्तर लेख्न लगाउनुपर्ने व्यवस्था विशिष्टीकरण तालिकाले गरेको छ । यस प्रश्नका लागि ५ अङ्कभार छुट्याइएको छ । यी आधारहरूबाट प्रश्नहरूको अध्ययन गर्दा विशिष्टीकरण तालिकाअनुसार नै प्रश्नहरू निर्माण गरेको पाइएको छ तर यो प्रश्नका लागि विशिष्टीकरण तालिकाले छुट्याएको ९ मिनेटको समय प्रश्नपत्रमा उल्लेख गरिएको छैन । यस विधाबाट सोधिएका प्रश्नहरूको विशिष्टीकरण तालिकाबमोजिमको उपयुक्ततालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

यस विधाबाट सोधिने प्रश्नका सन्दर्भमा वाच्य १, करणअकरण १, कोटि १, वाक्य १ र प्रेरणार्थक १ गरी ५ प्रश्न सोधी वाक्यपरिवर्तन गर्न लगाउने अथवा पाँचओटा सरल वाक्य दिई वाक्यसंश्लेषण गर्न लगाउने भनी विशिष्टीकरण तालिकामा दिइएको स्पष्टीकरण खण्डमा लेखिएको छ । यस आधारमा माथिको तालिका हेर्दा  पाँचओटै विकास क्षेत्र र पूरक परीक्षाका प्रश्नहरूमा वाच्य १, करणअकरण १, कोटि १, वाक्य १, प्रेरणार्थक १ पर्ने गरी ५ प्रश्न सोधी वाक्यपरिवर्तन गर्न लगाइएको पाइयो । यी सबै कुराहरूलाई विचार गर्दा व्याकरण क्षेत्रअन्तर्गत वाक्यपरिवर्तन तथा वाक्यसंश्लेषण विधाका प्रश्नहरू विशिष्टीकरण तालिकाअनुसार नै सोधिएका छन् ।

**४.१.४ बोध (अदृष्टांश) :**

बोध तहअन्तर्गत विद्यार्थीले सिकेका कुराहरूको व्याख्या र वर्णन गर्ने क्षमताको मूल्याङ्कन गर्ने खालका प्रश्नहरू सोधिने छन् (विशिष्टीकरण तालिका, २०६५: ६) । बोधअन्तर्गत अदृष्टांश गद्यांशबाट पठनबोध क्षमताको परीक्षण गरिने छ (माध्यमिक शिक्षा पाठ्यक्रम,२०६४:१८) । यसअनुसार बोध क्षेत्रबाट सोधिने प्रश्न बोध तहकै प्रश्न हो । यस विधाबाट जम्मा एउटा प्रश्न सोधी सोही प्रश्नको उत्तर लेख्न लगाउने व्यवस्था विशिष्टीकरण तालिकाले गरेको छ । जुन प्रश्नका लागि ५ अङ्कभार छुट्याइएको छ । यी आधारमा हेर्दा पाँचै विकास क्षेत्र र पूरक परीक्षाका प्रश्न विशिष्टीकरण तालिकाअनुरूप निर्माण गरिएको पाइएको छ । विशिष्टीकरण तालिकामा उक्त प्रश्नका लागि छुट्याइएको ९ मिनेट समयको उल्लेख प्रश्नपत्रमा गरिएको छैन । यसै सन्दर्भमा तलको तालिकामा पनि उल्लिखित तथ्यहरूलाई प्रस्तुत गरिएको छ :

विभिन्न लेखरचनाबाट १५० शब्दसम्मको अदृष्टांश गद्यांश दिई त्यससम्बन्धी एक वा दुई वाक्यमा उत्तर आउने खालका कुनै पाँचओटा प्रश्न सोध्ने भनी विशिष्टीकरण तालिकाले बोध प्रश्नोत्तर विधामा सोधिने प्रश्नका सम्बन्धमा स्पष्टीकरण दिएको छ । यस आधारमा माथिको तालिका हेर्दा पूर्वाञ्चल विकास क्षेत्रको प्रश्नमा १५३ शब्दको अदृष्टांश गद्यांश दिइएको र एक वा दुई वाक्यमा नै उत्तर आउने पाँचओटा प्रश्न सोधिएको, मध्यमाञ्चल विकास क्षेत्रको प्रश्नमा १४९ शब्दको अदृष्टांश गद्यांश नै दिइएको र एक वा दुई वाक्यमा नै उत्तर आउने चार प्रश्नहरू सोधिएको पाइएको छ तर प्रश्न नं. (घ) मा सोधिएको प्रश्नको उत्तर एक वा दुई वाक्यमा नभई ४/५ वाक्यमा मात्र पूरा हुने स्थिति रहेको छ । पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा १३१ शब्दको अदृष्टांश गद्यांश दिइएको र एक/दुई वाक्यमा नै उत्तर आउने चार प्रश्नहरू सोधिएको पाइएको छ तर प्रश्न नं. (घ) मा सोधिएको प्रश्नको उत्तर एक वा दुई वाक्यमा नभई ४/५ वाक्यमा मात्र पूरा हुने स्थिति रहेको छ । मध्यपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा १३३ शब्दको अदृष्टांश गद्यांश दिइएको र एक दुई वाक्यमा नै उत्तर आउने पाँचओटा प्रश्नहरू सोधिएको, सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा १४६ शब्दसम्मको अदृष्टांश गद्यांश नै दिइएको र एक वा दुई वाक्यमा नै उत्तर आउने पाँचओटा प्रश्नहरू सोधिएको र पूरक परीक्षाको प्रश्नमा १३९ शब्दको अदृष्टांश गद्यांश दिइएको र एक वा दुई वाक्यमा नै उत्तर आउने खालका पाँच प्रश्नहरू सोधिएको पाइएको छ । १५० शब्दसम्मको अदृष्टांश गद्यांश दिने भनिएकोमा १५३, १४९, १४६ शब्दको गद्यांश दिनु स्वाभाविक हुन्छ तर १३१, १३३, १३९ शब्दको अदृष्टांश गद्यांश दिनु विशिष्टीकरण तालिकाअनुरूप छैन । त्यस्तै एक/दुई वाक्यमा उत्तर आउने पाँच प्रश्नहरू सोध्नुपर्नेमा मध्यमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्न नं. (घ) मा दिइएका प्रश्नहरूको उत्तर ४/५ वाक्यमा मात्र पूरा हुने अवस्था रहेको छ ।

**४.१.५ बुँदाटिपोट र सारांश (दृष्टांश) :**

बुँदाटिपोट र सारांश क्षेत्रको बुँदाटिपोट र सारांशलेखन विधाको प्रश्न पनि विद्यार्थीहरूको उच्च दक्षताको मूल्याङ्कन गर्ने प्रश्न हो (अधिकारी, २०७२:२८९) । यस्तो प्रश्न जम्मा एउटा सोध्ने र सोही प्रश्नको उत्तर लेख्न लगाउनुपर्ने व्यवस्था विशिष्टीकरण तालिकाले गरेको छ । यस्तो प्रकृतिको प्रश्नका लागि अङ्कभार ५ को व्यवस्था गरको छ । यसरी हेर्दा अध्ययन गरिएका प्रश्नहरू विशिष्टीकरण तालिकाअनुरूप छन् तर यस प्रश्नका लागि तालिकाले छुट्याएको ९ मिनेटको समयको उल्लेख प्रश्नपत्रमा गरिएको छैन । यस विधाका प्रश्नहरूको वितरणलाई निम्नानुसारको तालिकामा देखाइएको छ :

गद्य विधाका पाठबाट १५० शब्दसम्मको गद्यांश दिई बुँदाटिपोट गरेर सारांशलेखन गर्न लगाउने भनी यस प्रश्नका सम्बन्धमा विशिष्टीकरण तालिकाले स्पष्टीकरण दिएको छ । माथिको तालिका हेर्दा पूर्वाञ्चल विकास क्षेत्रको प्रश्नमा १३३ शब्दको दृष्टांश गद्यांश दिइएको र चारओटा बुँदाटिपोट गरी सारांश लेख्न लगाइएको, मध्यमाञ्चल विकास क्षेत्रको प्रश्नमा १४९ शब्दको दृष्टांश गद्यांश दिइएको र चारओटा बुँदाटिपोट गरी सारांश लेख्न लगाइएको, पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा १४६ शब्दको दृष्टांश गद्यांश दिइएको र चारओटा बुँदाटिपोट गरी सारांश लेख्न लगाइएको, मध्यपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा १२९ शब्दको दृष्टांश गद्यांश दिइएको र चारओटा बुँदाटिपोट गरी सारांश लेख्न लगाइएको, सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा १३९ शब्दको दृष्टांश गद्याश दिइएको र चारओटा बुँदाटिपोट गरी सारांश लेख्न लगाइएको र पूरक परीक्षाको प्रश्नमा १५३ शब्दको दृष्टांश गद्यांश दिइएको र चारओटा बुँदाटिपोट गरी सारांश लेख्न लगाइएको पाइयो । १५० शब्दसम्मको दृष्टांश गद्यांश दिनुपर्ने भनिएकोमा १५३, १४६, १४९ शब्दको दिनु स्वाभाविक भएपनि १३३, १३९, १२९ शब्दको अनुच्छेद दिनु विशिष्टीकरण तालिकाको स्पष्टीकरणलाई बेवास्ता गर्नु हो । यसो गरिरहँदा प्रश्नपत्रको गुणस्तरीयता, वैधता तथा विश्वसनीयतामाथि प्रभाव पर्छ ।

**४.१.६ निर्देशित रचना :**

निर्देशित रचना क्षेत्रको कथा वा जीवनी लेखन विधाबाट सोधिने प्रश्न विद्यार्थीहरूको उच्च दक्षताको मापन गर्ने प्रश्न हो (अधिकारी, २०७२:२९१) । यस विधाबाट दुईओटा प्रश्न सोधी एकओटा प्रश्नको उत्तर लेख्न लगाउने व्यवस्था विशिष्टीकरण तालिकाले गरेको छ । यस प्रश्नका लागि जम्मा ५ अङ्कभार छुट्याइएको छ । यस आधारमा हेर्दा पाँचओटै विकास क्षेत्र र पूरक परीक्षाका प्रश्नहरू विशिष्टीकरण तालिकाअनुसार नै निर्माण भएका छन् । कथा वा जीवनी लेखन विधाबाट सोधिने प्रश्नका लागि विशिष्टीरकण तालिकाले छुट्याएको ९ मिनेटको समयको उल्लेख प्रश्नपत्रमा गरिएको छैन । यसै सन्दर्भमा तलको तालिकाबाट पनि यस विधाका प्रश्नहरूको वितरणलाई हेर्न सकिन्छ :

बुँदा दिई कथा र जीवनीबाट दुई प्रश्न सोधी कुनै एक गर्न लगाउने व्यवस्था विशिष्टीकरण तालिकाको स्पष्टीकरणमार्फत गरिएको छ । यसअनुसार माथिको तालिका हेर्दा पाँचै विकास क्षेत्र र पूरक परीक्षाका प्रश्नमा आवश्यक बुँदा दिई कथा र जीवनीबाट दुई प्रश्न सोधी कुनै एकको उत्तर लेख्न लगाइएको पाइएको छ । साथसाथै जीवनी र कथामध्ये जुनसुकैको उत्तर लेखेपनि उपयुक्त शीर्षक राख्नका लागि निर्देशन दिइएको छ ।

**४.१.७ व्यावहारिक लेखन :**

व्यावहारिक लेखन क्षेत्रअन्तर्गत चिठी विधाबाट सोधिने प्रश्न विद्यार्थीहरूको व्यावहारिक सीपको मापन गर्ने प्रश्न हो (अधिकारी, २०७२:२९४) । यस विधाबाट एउटा प्रश्न सोधी सोही प्रश्नको उत्तर दिनुपर्ने प्रश्ननिर्माण गर्न तालिकाले निर्देश गरको छ । यस प्रश्नका लागि ५ अङ्कभार तोकिएको छ । यी कुराहरूलाई आधार मान्दा अध्ययन गरिएका प्रश्नहरू विशिष्टीकरण तालिकाअनुरूप छन् तर विशिष्टीकरण तालिकामा यस प्रश्नका लागि तोकिएको ९ मिनेट समयको उल्लेख प्रश्नपत्रमा गरिएको पाइँदैन । चिठी विधाका प्रश्नहरूको वितरणलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

व्यावहारिक लेखन क्षेत्र र चिठी विधाबाट सोधिने यस्तो प्रकृतिको प्रश्नका सम्बन्धमा व्यापारिक वा व्यक्तिगत वा निवेदन क्षेत्रमध्येबाट चिठी लेख्न लगाउने व्यवस्था विशिष्टीकरण तालिकाको स्पष्टीकरण खण्डमा गरिएको छ । यसअनुसार माथिको तालिकालाई हेर्दा पूर्वाञ्चल विकास क्षेत्रको प्रश्नमा कार्यालयीय चिठी लेख्न लगाइएको, मध्यमाञ्चल विकास क्षेत्र र पूरक परीक्षाको प्रश्नपत्रमा यस क्षेत्रबाट सोधिने प्रश्नमा व्यक्तिगत चिठी लेख्न लगाइएको, पश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नपत्रमा यस क्षेत्रबाट सोधिने प्रश्नमा निवेदन लेख्न लगाइएको र मध्यपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नपत्रमा यस क्षेत्रबाट सोधिने प्रश्नमा व्यापारिक चिठी लेख्न लगाइएको र पूरक परीक्षाको प्रश्नपत्रमा व्यक्तिगत चिठी लेख्न लगाइएको पाइयो ।

अतः पूर्वाञ्चल विकास क्षेत्रको चिठी विधाको प्रश्ननिर्माणका क्रममा विशिष्टीकरण तालिकाको स्पष्टीकरणलाई ख्याल गरिएको छैन ।

**४.१.८ स्वतन्त्र रचना :**

स्वतन्त्र रचना क्षेत्रअन्तर्गत वादविवाद, संवाद र मनोवाद र निबन्ध दुई विधाबाट प्रश्न सोध्ने व्यवस्था विशिष्टीकरण तालिकाले गरेको छ । यस विधाबाट उच्च दक्षताको मापन गर्ने तीनओटा प्रश्न सोधी दुईओटा प्रश्नको उत्तर लेख्न लगाउने र त्यसका लागि ५+१०=१५ अङ्कभार छुट्याइएको र यस क्षेत्रबाट सोधिने यस्ता प्रश्नका लागि विशिष्टीकरण तालिकाले २७ मिनेटको समय छुट्याएको छ । यस क्षेत्रबाट सोधिएका दुई विधाका प्रश्नहरूलाई निम्नानुसार अध्ययन गरिएको छ :

**४.१.८.१ वादविवाद, संवाद र मनोवाद :**

यस विधामा विचारको संयोजन र मूल्याङ्कन गर्ने क्षमतासम्बन्धी प्रक्रियागत र अवस्थागत ज्ञानसम्बद्ध प्रश्नहरू सोधिने छन् (विशिष्टीकरण तालिका, २०६५:६) । यस आधारमा हेर्दा वादविवाद, संवाद र मनोवाद विधाबाट सोधिएका प्रश्नहरू उच्च दक्षताको मापन गर्न सोधिएका प्रश्नहरू हुन् । वादविवाद, संवाद र मनोवाद विधाबाट दुईओटा प्रश्न सोधिने र तीमध्ये एकओटा प्रश्नको उत्तर लेख्न लगाउनु पर्ने व्यवस्था विशिष्टीकरण तालिकाले गरेको छ । त्यसका लागि जम्मा ५ अङ्कभार तोकिएको छ । यस आधारमा हेर्दा अध्ययन गरिएका प्रश्नहरू विशिष्टीकरण तालिकाअनुरूप नै रहेका छन् । तालिकाले यस प्रश्नको समाधानका लागि छुट्याएको ९ मिनेटको समयको जानकारी प्रश्नपत्रमा गराइएको छैन । अध्ययन गरिएका प्रश्नहरूको विशिष्टीकरण तालिकाअनुसारको उपयुक्तताको अध्ययन तलको तालिकाबाट पनि गरिएको छ :

वादविवाद, संवाद र मनोवादमध्येबाट दुई प्रश्न सोधी कुनै एक प्रश्नको उत्तर लेख्न लगाउने व्यवस्था विशिष्टीकरण तालिकाको स्पष्टीकरणमार्फत गरिएको छ । यस आधारमा माथिको तालिका हेर्दा पूर्वाञ्चल विकास क्षेत्रको प्रश्नमा मनोवाद र वादविवादबाट दुईओटा प्रश्न सोधी कुनै एउटा प्रश्नको मात्र उत्तर लेख्न लगाइएको, मध्यमाञ्चल विकास क्षेत्रको प्रश्नमा वादविवाद र संवादबाट दुईओटा प्रश्न सोधी कुनै एउटा प्रश्नको उत्तर लेख्न लगाइएको, पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा संवाद र मनोवादबाट दुईओटा प्रश्न सोधिएको र एउटा प्रश्नको मात्र उत्तर लेख्न लगाइएको, मध्यपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा संवाद र मनोवादबाट दुईओटा प्रश्न सोधिएको र एउटा प्रश्नको उत्तर लेख्न लगाइएको, सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा संवाद र वादविवादबाट दुईओटा प्रश्न सोधिएको र एउटा प्रश्नको उत्तर लेख्न लगाइएको र पूरक परीक्षाको प्रश्नमा मनोवाद र वादविवादबाट दुईओटा प्रश्न सोधिएको र कुनै एउटाको उत्तर लेख्न लगाइएको पाइयो ।

अत : स्वतन्त्र रचना क्षेत्रअन्तर्गतको वादविवाद, संवाद र मनोवाद विधाबाट सोधिएका प्रश्नहरूले विशिष्टीकरण तालिकामा तोकिएका सबै आधारहरू पूरा गरका छन् ।

**४.१.८.२ निबन्ध :**

यस विधाको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोधक्षमताका साथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो (माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४:१५) । यस आधारमा निबन्ध विधाबाट सोधिने प्रश्न पनि उच्च दक्षताको मापन गर्ने प्रश्न हो । विचारको संयोजन र मूल्याङ्कन गर्ने क्षमतासम्बन्धी कार्यात्मक ज्ञानसम्बद्ध प्रश्नहरू यसअन्तर्गत सोधिन्छन् (विशिष्टीकरण तालिका, २०६५:६) । उच्च दक्षताको मापन गर्ने यस्तो प्रश्नका लागि जम्मा अङ्कभार १० छुट्याइएको छ । यी आधारमा हेर्दा निबन्ध विधाबाट सोधिएका प्रश्नहरू विशिष्टीकरण तालिकाबमोजिम छन् तर यस प्रश्नका लागि विशिष्टीकरण तालिकाले छुट्याएको १८ मिनेटको समयको उल्लेख प्रश्नपत्रमा गरिएको छैन । यस विधाबाट सोधिएका प्रश्नहरूको वितरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

आत्मपरक एउटा  र वस्तुपरक दुईओटा पर्ने गरी कुनै तीन शीर्षक दिने र तीमध्ये कुनै एक शीर्षकमा २०० शब्दमा नघटाई निबन्ध लेख्न लगाउने व्यवस्था विशिष्टीकरण तालिकाको स्पटीकरण खण्डमा गरिएको छ । अत : माथिको तालिकामा हेर्दा यस विधाबाट पाँच विकास क्षेत्र र पूरक परीक्षाका प्रश्नमा आत्मपरक एउटा र वस्तुपरक दुईओटा पर्ने गरी तीन शीर्षक दिइएको र कुनै एउटा शीर्षकमा २०० शब्दमा नघटाई निबन्ध लेख्न निर्देशन दिइएको पाइयो । अतः स्वतन्त्र रचना क्षेत्रबाट निबन्ध विधामा सोधिएका प्रश्नहरू विशिष्टीकरण तालिकाबमोजिम नै सोधिएका पाइए ।

**४.१.९ सप्रसङ्ग व्याख्या :**

सप्रसङ्ग व्याख्या क्षेत्रअन्तर्गत कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी विधाबाट सोधिने प्रश्नहरूले विद्यार्थीको उच्च दक्षताको मापन गर्दछन् (अधिकारी, २०७२:२९७) । यस विधाबाट जम्मा दुईओटा प्रश्न सोधी एकओटाको उत्तर दिन लगाउनुपर्ने व्यवस्था विशिष्टीकरण तालिकाले गरेको छ । यस प्रश्नका लागि जम्मा अङ्कभार ५ तोकिएको छ । यी आधारमा हेर्दा प्रश्नहरू विशिष्टीकरण तालिकाबमोजिम छन् तर तालिकाले यस प्रश्नको लागि छुट्याएको ९ मिनेटको समयको उल्लेख प्रश्नपत्रमा गरिएको छैन । यस विधाबाट सोधिएका प्रश्नहरूको वितरणलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

फरकफरक विधाबाट दुई विशिष्ट पङ्क्ति दिई कुनै एकको प्रसङ्गसहित व्याख्या गर्न लगाउने व्यवस्था विशिष्टीकरण तालिकाको स्पष्टीकरण खण्डमा गरिएको छ । यसै सन्दर्भमा माथिको तालिका हेर्दा पूर्वाञ्चल विकास क्षेत्रको प्रश्नमा कविता र प्रबन्धबाट एक-एकओटा विशिष्ट पङ्क्ति दिई कुनै एकको सप्रसङ्ग गर्न लगाइएको, मध्यमाञ्चल विकास क्षेत्रको प्रश्नमा कविता र एकाङ्कीबाट एक-एकओटा विशिष्ट पङ्क्ति दिई कुनै एकको सप्रसङ्ग व्याख्या गर्न लगाइएको, पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा कथा र जीवनीबाट एक-एकओटा विशिष्ट पङ्क्ति दिई कुनै एकको सप्रसङ्ग व्याख्या गर्न लगाइएको, मध्यपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा कविता र कथाबाट एक-एकओटा विशिष्ट पङ्क्ति दिई कुनै एकको सप्रङ्ग व्याख्या गर्न लगाइएको, सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा कविता र कथाबाट एक-एकओटा विशिष्ट पङ्क्ति दिई कुनै एकको सप्रसङ्ग व्याख्या गर्न लगाइएको र पूरक परीक्षाको प्रश्नमा कविता र रूपक (एकाङ्की) बाट दुई विशिष्ट पङ्क्ति दिई कुनै एकको सप्रसङ्ग व्याख्या गर्न लगाइएको पाइएको छ । अतः मध्यमाञ्चल विकास क्षेत्र र पूरक परीक्षाका प्रश्नपत्रमा यस विधाबाट प्रश्नहरू दिँदा विशिष्टीकरण तालिकालाई बेवास्ता गरिएको छ । अन्य चार विकास क्षेत्रका प्रश्नपत्रमा चाहिँ विशिष्टीकरण तालिकाले निर्धारण गरेका विधाबाटै सप्रसङ्ग व्याख्याका लागि विशिष्ट पङ्क्तिहरू दिइएको छ ।

**४.१.१० पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) :**

पाठगत प्रश्नोत्तर क्षेत्रअन्तर्गत कथा, कविता, निबन्ध/प्रबन्ध, रूपक, जीवनी र तार्किक शिल्प विधाबाट प्रश्नहरू सोध्नुपर्ने व्यवस्था विशिष्टीकरण तालिकाले गरेको छ । यी दुई विधाबाट जम्मा चारओटा प्रश्नहरू सोधी तीनओटाको उत्तर लेख्न लगाउने व्यवस्था गरिएको छ । यी दुई विधाका प्रश्नहरूका लागि जम्मा अङ्कभार १०+५=१५ रहेको छ तर यिनीहरूका लागि छुट्याइएको २७ मिनेटको समयको उल्लेख प्रश्नमा गरिएको छैन । यसको छुट्टाछुट्टै अध्ययन तल गरिएको छ :

**४.१.१०.१ कथा, कविता, निबन्ध/प्रबन्ध, रूपक, जीवनी :**

कथा, कविता, निबन्ध/प्रबन्ध,रूपक, जीवनी विधाबाट ज्ञान, बोध र उच्च दक्षताको मापन गर्ने तीनओटा प्रश्नहरू सोध्नुपर्ने र दुईओटाको उत्तर दिन लगाउनुपर्ने व्यवस्था विशिष्टीकरण तालिकाले गरेको छ । यस विधाबाट सोधिने प्रश्नहरूका लागि जम्मा अङ्कभार ५+५=१० छुट्याइएको छ । यी आधारहरूमा अध्ययन गरिएका प्रश्नहरूको विश्लेषण गर्दा प्रश्नहरू विशिष्टीकरण तालिकाबमोजिम नै सोधिएको पाइयो तर विशिष्टीकरण तालिकाले यस प्रश्नका लागि छुट्याइएको १८ मिनेटको समयको उल्लेख प्रश्नपत्रमा गरिएको छैन । यस विधाबाट सोधिएका प्रश्नहरूको वितरणलाई तलको तालिकाबाट देखाइएको छ :

निर्धारित विधाहरू (कथा, कविता, निबन्ध/प्रबन्ध, रूपक र जीवनी) बाट मूल भाव, घटना, सन्देश, चरित्र आदिका सम्बन्धमा तीनओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्न सोधी दुईओटाको उत्तर दिन लगाउने व्यवस्था विशिष्टीकरण तालिकाको स्पष्टीकरण खण्डमा गरिएको छ । यसअनुसार माथिको तालिका हेर्दा पूर्वाञ्चल विकास क्षेत्रको प्रश्नमा निर्धारित विधाहरूमध्येबाट निबन्ध, जीवनी र कविताबाट तीनओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्न सोधी कुनै दुईओटाको उत्तर दिन लगाइएको, मध्यमाञ्चल विकास क्षेत्रको प्रश्नमा निर्धारित विधाहरूमध्येबाट कविता, प्रबन्ध र कथाबाट एक-एकओटा गरी तीनओटा प्रश्न सोधी कुनै दुईओटा प्रश्नको उत्तर दिन लगाइएको, पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा निर्धारित विधाहरूमध्येबाट जीवनी, प्रबन्ध र कविताबाट एक-एकओटा गरी तीनओटा प्रश्न सोधी कुनै दुईओटा प्रश्नको उत्तर दिन लगाइएको, मध्यपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा निर्धारित विधाहरूमध्येबाट कथा, कविता, जीवनीबाट एक-एकओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्न सोधी कुनै दुईओटा प्रश्नको उत्तर लेख्न लगाइएको, सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा निर्धारित विधाहरूमध्येबाट कविता, एकाङ्की र प्रबन्धबाट एक-एकओटा गरी तीनओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्न सोधी कुनै दुईओटा प्रश्नको उत्तर लेख्न लगाइएको र पूरक परीक्षाको प्रश्नमा निर्धारित विधाहरूमध्ये कथा, कविता र जीवनीबाट एक-एकओटा प्रश्न गरी जम्मा तीनओटा प्रश्न सोधी कुनै दुई प्रश्नको उत्तर लेख्न लगाइएको पाइएको छ । अध्ययन गरिएका सबै प्रश्नहरू निर्धारित विधाका मूल भाव, घटना, सन्देश, चरित्र आदिसँग सम्बन्धित रहेका छन् ।

**४.१.१०.२ तार्किक शिल्प :**

पाठगत प्रश्नोत्तर क्षेत्रअन्तर्गतको तार्किक शिल्प विधाबाट सोधिने प्रश्न उच्च दक्षताको मापन गर्ने प्रश्न हो (ढकाल, २०६८:२३) । यस विधाबाट जम्मा एकओटा प्रश्न सोधी सोही प्रश्नको उत्तर लेख्न लगाउने व्यवस्था विशिष्टीकरण तालिकाले गरेको छ । यसका लागि जम्मा अङ्कभार ५ रहेको छ । यी आधारमा तार्किक शिल्प विधाबाट सोधिएका प्रश्नहरू विशिष्टीकरण तालिकाबमोजिम नै सोधिएका छन् । यस प्रश्नका लागि विशिष्टीकरण तालिकाले छुट्याएको ९ मिनेटको समयको उल्लेख प्रश्नपत्रमा गरिएको छैन । माथिका सबै कुरा तलको तालिकाबाट पनि अध्ययन गर्न सकिन्छ :

कथा, कविता, निबन्ध⁄प्रबन्ध, रूपक, जीवनी विधाका कुनै प्रसङ्ग दिई विचार तथा तर्कले पुष्टि गर्ने खालको प्रश्न सोध्ने व्यवस्था विशिष्टीकरण तालिकाको स्पष्टीकरण खण्डमा गरिएको छ । यस आधारमा माथिको तालिका हेर्दा पूर्वाञ्चल विकास क्षेत्रको प्रश्नमा कथाबाट, मध्यमाञ्चल विकास क्षेत्रको प्रश्नमा प्रबन्धबाट, पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा जीवनीबाट, मध्यपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा रूपकबाट, सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा कथाबाट, पूरक परीक्षाको प्रश्नमा कथाबाट तर्कद्वारा पुष्टि गर्ने प्रश्न सोधिएको र तर्कद्वारा पुष्टि गर्न लगाइएको पाइएको छ ।

**४.११ विवेचना :**

विवेचना क्षेत्रअन्तर्गत कथा, निबन्ध⁄प्रबन्ध, जीवनी विधाबाट सोधिने प्रश्नहरू उच्च दक्षताको मापन गर्ने प्रश्नहरू हुन् (अधिकारी, २०७२:२९३) । यस विधाबाट जम्मा दुईओटा प्रश्न सोधी कुनै एक प्रश्नको उत्तर दिन लगाउने व्यवस्था गरिएको छ । यसका लागि जम्मा अङ्कभार १० छुट्याइएको छ । यी आधारमा अध्ययन गरिएका प्रश्नहरूमा विवेचना क्षेत्रबाट सोधिएका प्रश्नहरू विशिष्टीकरण तालिकाअनुरूप रहेका छन्,  तर यस प्रश्नका लागि विशिष्टीकरण तालिकाले छुट्याएको १८ मिनेटको समयको जानकारी प्रश्नमा गराइएको छैन । अध्ययन गरिएका प्रश्नहरूको विशिष्टीकरण तालिकाअनुरूपतालाई  तलको तालिकाबाट पनि अध्ययन गरिएको छ :

कथा, जीवनी र निबन्ध/प्रबन्धमध्ये कुनै दुई विधाबाट विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गर्ने खालका दुई प्रश्न सोधी एक प्रश्नको उत्तर दिन लगाउने व्यवस्था विशिष्टीकरण तालिकाको स्पष्टीकरण खण्डमा गरिएको छ । यस आधारमा माथिको तालिका हेर्दा पूर्वाञ्चल र मध्यमाञ्चल विकास क्षेत्र तथा पूरक परीक्षाका प्रश्नमा कथा र जीवनीबाट, पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा कथा र निबन्धबाट, मध्यपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा निबन्ध र जीवनीबाट र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा प्रबन्ध र जीवनीबाट एक-एकओटा गरी जम्मा दुईओटा विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गर्ने खालका प्रश्न सोधी एकको उत्तर लेख्न लगाइएको पाइयो ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष :

यस अध्ययनमा प्रवेशिका परीक्षा २०७० का अनिवार्य नेपाली विषयका प्रश्नहरूको अध्ययन विशिष्टीकरण तालिकाका आधारमा गरिएको छ । प्रश्नहरूको अध्ययन गर्दा विशिष्टीकरण तालिकाले प्रश्ननिर्माणका लागि तोकेका शब्दभण्डार, हिज्जे र लेख्यचिह्न, व्याकरण, बोध( अदृष्टांश), बुँदाटिपोट र सारांशलेखन (दृष्टांश), निर्देशित रचना, व्यावहारिक लेखन, स्वतन्त्र रचना, सप्रसङ्ग व्याख्या, पाठगत प्रश्नोत्तर(सङ्क्षिप्त उत्तरात्मक), र विवेचना क्षेत्रहरूलाई आधार मानिएको छ । उल्लिखित क्षेत्रलाई मूल शीर्षक र प्रश्ननिर्माणका लागि तोकिएको विधालाई उपशीर्षक बनाइएको छ । त्यस्तै प्रस्तुत शीर्षक तथा उपशीर्षकका दृष्टिले प्रश्नहरूको विश्लेषण गर्दा ज्ञान, बोध, व्यावहारिक सीप, उच्च दक्षता, प्रश्नको सङ्ख्या, अङ्कभार र समय र स्पष्टीकरणलाई पनि आधार बनाइएको छ । विभिन्न आधारमा प्रश्नहरूको विश्लेषण गर्दा प्रश्नहरूमा निकै नै त्रुटि रहेको पाइएको छ ।

विशिष्टीकरण तालिका आधारमा प्रश्नहरूको अध्ययन गर्दा प्रश्नहरूमा निम्नानुसारका त्रुटिहरू पाइएका छन् :

**१. शब्दभण्डार :**

शब्दभण्डार क्षेत्रको शब्दार्थ विधाका प्रश्नहरू विशिष्टीकरण तालिकाको स्पष्टीकरणअनुसार बनाइएका छैनन् । शब्दार्थ विधाका प्रश्नमा सोधिने आठओटा शब्दहरूमा कुनै विकास क्षेत्रको प्रश्नमा तत्सम ४, तद्भव ३ र आगन्तुक १ओटा सोधिएको छ । मध्यमाञ्चल विकास क्षेत्रको प्रश्नमा मात्र शब्दहरूको सन्तुलित वितरण गरिएको छ । अझ मध्यपश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा त तद्भव शब्द नै नरहेको स्थिति छ । अतः शब्दार्थ विधाबाट सोधिने प्रश्नमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको वितरणमा असन्तुलन रहेको छ ।

शब्दभण्डार क्षेत्रको शब्दज्ञान विधाका प्रश्नहरू विशिष्टीकरण तालिकाका सबै आधारहरूलाई ख्याल गरी निर्माण गरिएका छन् ।

शब्दभण्डार क्षेत्रको वाक्यमा प्रयोग विधाबाट सोधिएका पाँचै विकास क्षेत्र र पूरक परीक्षाका प्रश्नपत्रहरूले विशिष्टीकरण तालिकाका सबै आधारहरू पूरा गरेका छन् । अतः यस विधाबाट सोधिएका प्रश्नहरू विशिष्टीकरण तालिकाबमोजिम निर्माण गरिएका छन् ।

२. **हिज्जे र लेख्यचिह्न :**

हिज्जे र लेख्यचिह्न क्षेत्रको शुद्धीकरण विधाबाट सोधिएका प्रश्नहरूमध्ये ह्रस्वदीर्घ, श-ष-स, ब-व र पञ्चम वर्णबाट चारओटा बहुवैकल्पिक प्रश्न सोध्ने भनिएको र यसबाट तोकिएबमोजिम नै सन्तुलित ढङ्गले प्रश्न सोधिएको छ । हिज्जेबाट यस्ता प्रश्नहरूको निर्माण गर्दा विशिष्टीकरण तालिकाका  आधारहरू पूरा गरिएको छ ।

हिज्जे र लेख्यचिह्न क्षेत्रबाट एउटा शब्दमा एउटा मात्र अशुद्धि पर्ने गरी वर्णविन्यास चारओटा र लेख्यचिह्न दुईओटा पर्ने गरी छओटा अशुद्धि भएको गद्यांश दिई शुद्ध गर्न लगाउने प्रश्नमा त बढीभन्दा बढी हेलचेक्र्याइँ गरिएको छ । कुनै प्रश्नमा पाँचओटा मात्र अशुद्धि दिने र कहीँ सातओटा अशुद्धि दिने असावधानीगत त्रुटिहरू भएका छन् । यस हिसाबमा मध्यमाञ्चल विकास क्षेत्र र पूरक परीक्षाका प्रश्नपत्र मात्र सन्तुलित र व्यवस्थित रहेका छन् ।

३. **व्याकरण :**

व्याकरण क्षेत्रअन्तर्गत शब्दवर्ग विधाबाट सोधिएका प्रश्नहरू व्यावहारिक सीपको मापन गर्ने किसिमका नै छन् र यस प्रकृतिका प्रश्नहरूले विशिष्टीकरण तालिकाका अन्य सबै आधारहरू पूरा गरेका छन् तर स्पष्टीकरणसम्बन्धी आधारहरू चाहिँ पूरा गरेका छैनन् । आठओटा विभिन्न शब्दवर्गका शब्द रेखाङ्कन गरी पदवर्ग छुट्याउन लगाउने भनिएको आधार चाहिँ पूरा भएको छ तर पदवर्ग छुट्याउँदा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, संयोजक, निपात, विस्मयादिबोधक नै लेख्नुपर्ने भनिएकामा चाहिँ प्रश्न निर्देशनमा यस सम्बन्धमा कुनै कुरा उल्लेख गरिएको छैन । पाँचै विकास क्षेत्र र पूरक परीक्षाका प्रश्नहरूमा 'रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् : ' भन्ने निर्देशन दिइएको छ । त्यसैले विशिष्टीकरण तालिकाको स्पष्टीकरणलाई बेवास्ता गरी दिइएको निर्देशनले प्रश्नको उत्तर लेख्दा विद्यार्थीमा अन्योल बढ्न जान्छ ।

व्याकरण क्षेत्रको शब्दनिर्माण विधाबाट सोधिएका प्रश्नहरू दुई प्रकृतिका छन् । त्यस्ता दुबै प्रकृतिका प्रश्नहरूले विशिष्टीकरण तालिकाका आधारहरू पूरा गरेका छन् ।

व्याकरण क्षेत्रको काल, पक्ष र भाव विधाबाट सोधिएका प्रश्नहरू व्यावहारिक सीपको मापन गर्ने प्रकृतिका नै छन् र उक्त विधाका सबै प्रश्नहरूले विशिष्टीकरण तालिकाका आधारहरू पूरा गरेका छन् ।

व्याकरण क्षेत्रअन्तर्गत वाक्य परिवर्तन तथा वाक्यसंश्लेषण विधाबाट सोधिएका प्रश्नहरूले पनि विशिष्टीकरण तालिकाका सबै आधारहरू पूरा गरेका छन् ।

**४. बोध (अदृष्टांश) :**

यस क्षेत्रबाट बोध पक्षकै मूल्याङ्कन हुने गरी अदृष्टांश अनुच्छेद सोधिएको छ । यस प्रश्नमा पनि अन्य आधारहरू पूरा गरेपनि स्पष्टीकरणलाई भने बेवास्ता गरिएको छ । यस विधाबाट दिइने अनुच्छेद १५० शब्दसम्मको हुनुपर्ने भनिएकोमा कुनै विकास क्षेत्रको प्रश्नपत्रमा दिइएको अनुच्छेद १३१, कुनैमा १३३ शब्दसम्मको रहेको पाइयो । २/४ शब्द तलमाथि हुनु स्वाभाविक हो तर यति धेरै फरक आउनु भनेको चाहिँ क्षम्य त्रुटि होइन । त्यस्तै अनुच्छेद दिई उत्तर लेख्न लगाउने प्रश्न पाँचओटा सोध्नुपर्ने भनिएको र त्यस्ता प्रश्नहरूका उत्तर एक/दुई वाक्यमा आउनुपर्ने भनिएको छ तर मध्यमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्न नं. घ को उत्तर लेख्दा कम्तीमा ४/५ वाक्य लेख्नैपर्ने प्रकृतिको रहेको छ ।

**५. बुँदाटिपोट र सारांश (दृष्टांश) :**

यस क्षेत्रबाट सोधिएका प्रश्नहरूले विशिष्टीकरण तालिकाका अन्य सबै आधारहरू पूरा गरेका छन् तर १५० शब्दसम्मको दृष्टांश गद्यांश दिनुपर्नेमा कुनै प्रश्नमा १३३, कुनैमा १३९ र कुनैमा १२९ शब्दको अनुच्छेद दिइएको छ । अनुच्छेदमा २/४ शब्द  कम हुनु स्वाभाविक हो तर यति सारै कम हुनु भनेको चाहिँ प्रश्नपत्र निर्माणका सम्बन्धमा टालटुले सोचाइ नै हो ।

**६. निर्देशित रचना :**

यस क्षेत्रबाट सोधिने प्रश्नहरूले विद्यार्थीको उच्च दक्षताको मापन गर्दछ । यस क्षेत्रबाट सोधिएका प्रश्नहरूले चाहिँ विशिष्टीकरण तालिकाका आधारहरू पूरा गरेको पाइन्छ ।

**७. व्यावहारिक लेखन :**

व्यावहारिक लेखन क्षेत्रबाट सोधिएका सबै प्रश्नहरूले विशिष्टीकरण तालिकाका आधारहरू पूरा गरेका छन् तर पूर्वाञ्चल विकास क्षेत्रको प्रश्नपत्रमा टोल सुधार समितिका अध्यक्षले वडा प्रहरी कार्यालयलाई लेख्ने कार्यालयीय चिठी लेख्न लगाइएको छ । जबकि विशिष्टीकरण तालिकाको स्पष्टीकरण खण्डमा व्यापारिक वा व्यक्तिगत वा निवेदन क्षेत्रमध्येबाट कुनै एउटा सोध्न सकिने आधार तय गरिएको छ ।

**८.स्वतन्त्र रचना :**

यस क्षेत्रबाट सोधिएका प्रश्नहरूले विशिष्टीकरण तालिकाका सबै आधारहरू पूरा गरेकाले अध्ययन गरिएका प्रश्नहरू उक्त तालिकालाई ख्याल गरेरै निर्माण गरिएका छन् ।

**९.सप्रसङ्ग व्याख्या :**

सप्रसङ्ग व्याख्याका लागि सोधिने प्रश्नहरू उच्च दक्षताको मापन गर्ने किसिमका नै छन् । कथा, कविता, निबन्ध/प्रबन्ध र जीवनीबाट सप्रसङ्ग व्याख्या गर्ने दुईओटा प्रश्न सोध्ने व्यवस्था स्पष्ट रूपमा विशिष्टीकरण तालिकाले गरेको छ । यो व्यवस्थालाई बेवास्ता गर्दै मध्यमाञ्चल विकास क्षेत्र र पूरक परीक्षाका प्रश्नपत्रमा एकाङ्कीबाट पनि सप्रसङ्ग व्याख्याका लागि प्रश्नहरू सोधिएका छन् ।

**१०. पाठगत प्रश्नोत्तर :**

पाठगत प्रश्नोत्तर क्षेत्रबाट दुई प्रकृतिका प्रश्नहरू सोध्नुपर्ने व्यवस्था विशिष्टीकरण तालिकाले गरेको छ । तीनओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्न सोधी दुईओटाको उत्तर दिन लगाउने र तर्कद्वारा पुष्टि गर्ने दुबै प्रश्नहरू विशिष्टीकरण तालिकाबमोजिम नै सोधिएका छन् ।

**११. विवेचना :**

यस क्षेत्रका प्रश्नहरू कथा, निबन्ध/प्रबन्ध, जीवनीबाट सोध्नुपर्ने व्यवस्था विशिष्टीकरण तालिकाले गरेको छ । यस क्षेत्रबाट सोधिएका प्रश्नहरूले विशिष्टीकरण तालिकाका आधारहरू पूरा गरेका छन् ।

**१२. समय :**

विशिष्टीकरण तालिकामा प्रत्येक क्षेत्र र विधाबाट सोधिने प्रश्नका लागि बेग्ला बेग्लै रूपमा समयको उल्लेख गरिएको छ  तर अध्ययन गरिएका प्रश्नहरूमा भने समग्र रूपमा ३ घण्टा मात्र उल्लेख गरिएको छ । प्रत्येक प्रश्नका लागि छुट्याइएको समयको उल्लेख चाहिँ प्रश्नपत्रमा गरिएको छैन ।

**५.२ सुझावहरू :**

१. शब्दभण्डार क्षेत्रअन्तर्गत शब्दार्थ विधाका प्रश्नहरू निर्माण गर्दा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको सही वितरण गर्न विशिष्टीकरण तालिकाको स्पष्टीकरणलाई ध्यान दिनुपर्दछ ।

२. हिज्जे र लेख्यचिह्नबाट सोधिने प्रश्नमा ६ ओटा मात्र अशुद्धि भएको गद्यांश दिने कुरामा सचेत हुन विशिष्टीकरण तालिकाका विभिन्न आधारहरूलाई ख्याल गर्नुपर्छ ।
कुनै प्रश्नमा पाँचओटा मात्र र कुनै प्रश्नमा सातओटा अशुद्धिहरू दिइएको छ, त्यस्ता हेलचेक्र्याइँलाई तुरुन्त अन्त्य गर्नुपर्छ ।

३. व्याकरण क्षेत्रको  शब्दवर्ग विधाबाट सोधिएका प्रश्नहरूका सम्बन्धमा स्पष्टीकरण तालिकाले नाम, सर्वनाम, विशेषण, क्रियायोगी, नामयोगी, संयोजक, निपात र विस्मयादिवोधक नै लेख्नुपर्ने भनिएकामा प्रश्ननिर्देशनमा त्यस्तो कुरा उल्लेख गरिएको छैन । त्यसैले विशिष्टीकरण तालिकाको स्पष्टीकरणअनुसार प्रश्न निर्देशनमा सो कुरासमेत खुलाउनुपर्दछ ।

४. बोध क्षेत्रबाट सोधिने प्रश्नमा १५० शब्दसम्मको अनुच्छेद दिनुपर्ने भन्ने कुरा विशिष्टीकरण तालिकाले स्पष्ट रूपमा भनेपनि यसको ख्याल नगरी अनुच्छेद दिइएको छ । त्यस्तै कुनै कुनै प्रश्नहरूको उत्तर ४/५ वाक्यमा मात्र पूरा हुने स्थिति रहेको छ । अतः यस क्षेत्रबाट सोधिने प्रश्नका लागि दिइने अनुच्छेद दिँदा र उक्त अनुच्छेदबाट सोधिने प्रश्नहरू दिँदा विशिष्टीकरण तालिकाको स्पष्टीकरणलाई राम्ररी ध्यान दिनुपर्छ । यसो गरेमात्र विशिष्टीकरण तालिकाअनुरूप प्रश्ननिर्माण गर्न सकिन्छ ।

५. बुँदाटिपोट र सारांश लेखनका लागि दिइने अनुच्छेदका सम्बन्धमा पनि विशिष्टीकरण तालिकाले १५० शब्दसम्मको अनुच्छेद दिनुपर्ने भनिएकामा पनि यस कुरामा बेवास्ता गरिएको छ । त्यसैले यस्ता प्रश्न दिँदा पनि विशिष्टीकरण तालिकाका विभिन्न आधारहरूको ख्याल गर्नुपर्दछ ।

६. व्यावहारिक लेखनका लागि व्यापारिक वा व्यक्तिगत वा निवेदन क्षेत्रमध्येबाट कुनै एउटा प्रश्न दिने भनिएकामा पूर्वाञ्चल विकास क्षेत्रको प्रश्नमा कार्यालयीय चिठी लेख्न लगाइएको छ । यस आधारमा व्यावहारिक रूपमा प्रश्ननिर्माण गर्नका लागि विशिष्टीकरण तालिकाका सबै आधारहरूलाई ख्याल गरेर मात्र प्रश्ननिर्माण गर्नुपर्दछ ।

७. सप्रसङ्ग व्याख्याका लागि विशिष्ट पङक्तिहरू दिँदा मध्यमाञ्चल विकास क्षेत्रको प्रश्नमा एकाङ्कीबाट पनि एउटा हरफ दिइएको छ । यसका लागि प्रश्ननिर्माण गर्न विधाहरू नै निर्धारण गरिएको छ । त्यसैले यसरी सप्रसङ्ग व्याख्याका लागि विधाहरू निर्धारण गरिएका सन्दर्भमा यो कुरालाई बेवास्ता नगरी प्रश्ननिर्माण गर्नुपर्छ ।

८. प्रवेशिका परीक्षामा सोधिएका नेपाली विषयका प्रश्नहरूका लागि समग्र रूपमा ३ घण्टाको समय तोकिएको छ तर विशिष्टीकरण तालिकाले चाहिँ प्रत्येक प्रश्नमा र समग्र दुबै रूपमा समयको उल्लेख गरेको छ । प्रश्नपत्रमा पनि यसरी दुबै रूपमा समयको उल्लेख गर्दा विद्यार्थीहरूलाई उत्तर लेखन गर्न सहज हुन्छ ।

सीमित समयसीमामा बाँधिएर प्रश्नपत्रको अध्ययन विश्लेषण गरिएकाले व्यापक अध्ययन, प्रयोग र विश्लेषणले यीभन्दा गहन सुझाव प्रस्तुत गर्न सकिने सम्भावन पनि छ ।

**५.३ भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू :**

१. भाषिक प्रश्ननिर्माणमा विशिष्टीकरण तालिकाको महŒव

२. प्रवेशिका परीक्षाका नेपाली विषयका प्रश्नहरूको विशिष्टीकरण तालिकाको स्पष्टीकरणका आधारमा अध्ययन

३. भाषिक प्रश्ननिर्माणमा विशिष्टीकरण तालिकाको प्रयोग, औचित्य र सान्दर्भिकता

४. भाषा शिक्षणका सन्दर्भमा विशिष्टीकरण तालिकाको योगदान

५. नेपाली भाषा विषयको विशिष्टीकरण तालिकाका सापेक्षतामा एस.एल.सी परीक्षाका प्रश्नहरूको अध्ययन

## सन्दर्भग्रन्थसूची :

अधिकारी, विष्णुप्रसाद (२०७२), *माध्यमिक शिक्षक दिग्दर्शन,* (प्रथम संस्करण), काठमाडौं : आशिष बुक हाउस प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज (२०६७), *भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति,* (चौथो संस्करण), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, कृष्णप्रसाद (२०६४), *भाषाविज्ञान,* (प्रथम संस्करण), काठमाडौं : क्षितिज प्रकाशन ।

आचार्य, दिलिपकुमार (२०५९), *२०५८ सालमा उपयोग गरिएका कक्षा आठको नेपाली भाषका प्रश्नहरूको विश्लेषण,* स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

इटनी, रामचन्द्र (२०५९), *एस.एल.सी. टेस्ट परीक्षा २०५८ मा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नहरूको अध्ययन,* स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि, कीर्तिपुर ।

ओझा, रामनाथ (२०७३), *माध्यमिक शिक्षक दिग्दर्शन,* (दोस्रो संस्करण), काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. ।

खनाल, पुण्यराज (२०६९), *प्रवेशिका परीक्षा २०७० मा पाँच विकास क्षेत्रमा अनिवार्य नेपाली विषयका प्रश्नहरूको अध्ययन,* स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस, कोसीहरैंचा ।

खनाल, सुशीला (२०६९), *कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६७ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन,* स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस, कोसीहरैंचा ।

गौतम, रेनुका (२०६६), *जिल्ला स्तरीय परीक्षा २०६४ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन,* स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, सुकुना बहुमखी क्याम्पस, कोसीहरैंचा ।

चापागाईं, नगेन्द्र (२०६८), *नेपाली शब्दभण्डार,* विराटनगर : श्याम पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रकाश (२०६८), *माध्यमिक शिक्षा पाठ्यक्रम : विगत र वर्तमान,* काठमाडौ : शुभकामना प्रकाशन ।

निउरे, ध्रुबप्रसाद र घिमिरे, दिनेस (२०७०), *भाषिक अनुसन्धान विधि,* (प्रथम संस्करण), काठमाडौं : सनसाइन पब्लिकेसन ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०६७), *नेपाली बृहत् शब्दकोश,* (सातौँ संकरण), काठमाडौं : ने.प्र.प्र. ।

न्यौपाने, टङ्कप्रसाद र साथीहरू (२०६७), *सामान्य भाषाविज्ञान,* (प्रथम संस्करण), काठमाडौं : सनलाइट पब्लिकेसन ।

पराजुली, तीर्थराज र साथीहरू (२०६८), *शैक्षिक मापन तथा मूल्याङ्कन,* (दोस्रो संस्करण), काठमाडौं : सनलाइट पब्लिकेसन ।

पाठ्यक्रम विकास केन्द्र (२०६९), *आधारभूत शिक्षा पाठ्यक्रम,* सानोठिमी, भक्तपुर : पा.वि.के. ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *माध्यमिक शिक्षा पाठ्यक्रम,* सानोठिमी, भक्तपुर : पा.वि.के ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), *विशिष्टीकरण तालिका,* सानोठिमी, भक्तपुर : पा.वि.के. ।

पाठ्यक्रम विकास केन्द्र (२०५५), *विशिष्टीकरण तालिका,* सानोठिमी, भक्तपुर : पा.वि.के. ।

पोखेल, भागवता (२०६५), *प्रवेशिका परीक्षा २०६४ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको अध्ययन,* स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस, कोसीहरैँचा ।

बराल, टीकादत्त (२०६८), *तत्सम नेपाली व्युत्पत्ति शब्दकोश,* (प्रथम संस्करण), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

बस्नेत, कमलबहादुर (२०६२), *कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६१ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन,* स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, बलराम (२०६८), *२०६७ सालको जिल्ला स्तरीय परीक्षा (कक्षा-८) सुनसरी जिल्लामा सोधिएका नेपाली विषयका प्रश्नहरूको अध्ययन,* स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस, कोसीहरैँचा ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि : परिचय र प्रयोग,* काठमाडौं : शुभकामना प्रकाशन ।

भुसाल, विश्वास र आचार्य, विष्णु (२०६९), *नेपाली भाषा र साहित्य शिक्षण सहायक,* काठमाडौं : स्टुडेन्ट्स् बुक्स ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी (२०५८), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्टिब्युटर्स ।

शर्मा, चिरञ्जीवी एन्ड शर्मा, निर्मला (२०६५), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्टिब्युटर्स ।

# परिशिष्ट १

## विशिष्टीकरण तालिका

**विषय-अनिवार्य नेपाली** **पूर्णाङ्क-१००**

| क्र.स. | क्षेत्र (पढाइ र लेखाइ) | विधा /परीक्षणीय पक्ष | ज्ञान | बोध | व्यावहारिक सीप | उच्च दक्षता | प्रश्नको सङ्ख्या, अङ्कभार र समय | | | | स्पष्टीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | जम्मा प्रश्न | उत्तर दिनुपर्ने प्र. सङ्ख्या | अङ्क भार | समय मिनेटमा | |
| १. | शब्दभण्डार | शब्दार्थ | १ | | | | १ | १ | ४ | ७ | पाठमा प्रयोग भएका कुनै आठओटा (तत्सम ४, तद्भव २ र आगन्तुक २) शब्द र अर्थ दिई जोडा मिलाउन लगाउने । |
| | | शब्दज्ञान | १ | | | | १ | १ | ३ | ५ | पाठमा प्रयुक्त अनेकार्थीबाट- २, पर्यायवाची- २, विपरीतार्थीबाट- १ र श्रुतिसमभिन्नार्थीबाट -१ गरी जम्मा ६ ओटा शब्द निर्देश वा सङ्केतबमोजिम लेख्न लगाउने । |
| | | वाक्यमा प्रयोग | | | १ | | १ | १ | ५ | ९ | पाठमा प्रयुक्त विभिन्न प्रकृतिका शब्द ( अनुकरणात्मक शब्द १, पारिभाषिक शब्द १, उखान १, टुक्का १ र निपात १ दिई वाक्यमा प्रयोग गर्न लगाउने । |
| २. | हिज्जे (वर्णविन्यास) र लेख्यचिह्न | शुद्धीकरण | | | १ | | १ | १ | ३ | ५ | एउटा शब्दमा एउटा मात्र अशुद्धि पर्ने गरी वर्णविन्यास चारओटा(ह्रस्वदीर्घ, पदयोग पदवियोग) र लेख्यचिह्न दुईओटा पर्ने गरी छओटा अशुद्धि भएको गद्यांश दिई शुद्ध गर्न लगाउने । |
| | | | | | १ | | १ | १ | २ | ४ | ह्रस्वदीर्घ, श-ष-स, ब-व र पञ्चम वर्णबाट चारओटा बहुवैकल्पिक प्रश्न सोध्ने । |
| ३. | व्याकरण | शब्दवर्ग | | | १ | | १ | १ | ४ | ७ | आठओटा विभिन्न शब्दवर्गका शब्द रेखाङ्कन गरी पदवर्ग छुट्याउन लगाउने । पदवर्ग छुट्याउँदा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात नै लेख्नुपर्ने । |
| | | शब्दनिर्माण | | | १ | | १ | १ | २ | ३ | दुईओटा उपसर्ग र दुईओटा प्रत्यय सोधी शब्द-निर्माण गर्न लगाउने वा चारओटा शब्द दिई आधार पद छुट्याउन लगाउने । |
| | | | | | १ | | १ | १ | २ | ३ | समासबाट दुईओटा र विग्रहबाट दुईओटा प्रश्न सोधी समास वा विग्रह गर्न लगाउने । |
| | | काल, पक्ष र भाव | | | १ | | १ | १ | ५ | ९ | काल र पक्षबाट तीनओटा र भावबाट दुईओटा धातु र सङ्केत गरी पाँचओटा वाक्यमा खाली ठाउँ भर्न लगाउने । |
| | | वाक्यपरिवर्तन तथा वाक्यसंश्लेषण | | | १ | | १ | १ | ५ | ९ | वाच्य १, करणअकरण १, कोटि (लिङ्ग, वचन, पुरुष, आदर, विभक्ति प्रयोग ) १ र प्रेरणार्थक १ पर्ने गरी ५ प्रश्न सोधी परिवर्तन गर्न लगाउने अथवा पाँचओटा सरल वाक्य दिई वाक्यसंश्लेषण गर्न लगाउने । |
| ४. | बोध (अदृष्टांश) | बोध प्रश्नोत्तर | | १ | | | १ | १ | ५ | ९ | विभिन्न लेखरचनाबाट १५० शब्दसम्मको अदृष्टांश गद्यांश दिई त्यससम्बन्धी एक वा दुई वाक्यमा उत्तर आउने खालका कुनै पाँच प्रश्न सोध्ने । |
| ५. | बुँदाटिपोट र सारांश-लेखन (दृष्टांश) | बुँदाटिपोट र सारांशलेखन | | | | १ | १ | १ | ५ | ९ | गद्य विधाका पाठबाट १५० शब्दसम्मको गद्यांश दिई बुँदा टिपोट गरी सारांश लेख्न लगाउने । |
| ६. | निर्देशित रचना | कथा वा जीवनी लेखन | | | | १ | १ | १ | ५ | ९ | बुँदा दिई कथा र जीवनीबाट दुई प्रश्न सोधी कुनै एक गर्न लगाउने । |
| ७. | व्यावहारिक लेखन | चिठी | | | १ | | १ | १ | ५ | ९ | व्यापारिक वा व्यक्तिगत वा निवेदन क्षेत्रमध्येबाट चिठी लेख्न लगाउने । |
| ८. | स्वतन्त्र रचना | वादविवाद, संवाद र मनोवाद | | | | २ | २ | १ | ५ | ९ | वादविवाद, संवाद र मनोवादमध्येबाट दुई प्रश्न सोधी कुनै एक प्रश्नको उत्तर लेख्न लगाउने । |
| | | निबन्ध | | | | १ | १ | १ | १० | १८ | आत्मपरक एउटा र वस्तुपरक दुईओटा पर्ने गरी कुनै तीन शीर्षक दिने र तीमध्ये कुनै एक शीर्षकमा २०० शब्दमा नघटाई निबन्ध लेख्न लगाउने । |

| क.स. | क्षेत्र | विधा | ज्ञान | बोध | व्यावहारिक सीप | उच्च दक्षता | प्रश्नको सङ्ख्या, अङ्कभार र समय | | | | स्पष्टीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | जम्मा प्रश्न | उत्तर दिनुपर्ने प्र. सङ्ख्या | अङ्क भार | समय मिनेटमा | |
| ९. | सप्रसङ्ग व्याख्या | कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी | | | | २ | २ | १ | ५ | ९ | फरकफरक विधाबाट दुई विशिष्ट पङ्क्ति दिई कुनै एकको प्रसङ्गसहित व्याख्या गर्न लगाउने । |
| १०. | पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) | कथा, कविता, निबन्ध/प्रबन्ध, रूपक, जीवनी | १ | २ | | १ | ३ | २ | १० | १८ | निर्धारित विधाहरू कथा, कविता, निबन्ध/प्रबन्ध, रूपक, जीवनीबाट मूल भाव, घटना, सन्देश, चरित्र, आदिका सम्बन्धमा तीनओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्न सोधी दुईओटाको उत्तर दिन लगाउने । |
| | | तार्किक शिल्प | | | | १ | १ | १ | ५ | ९ | निर्धारित विधाका कुनै प्रसङ्ग दिई विचार तथा तर्कले पुष्टि गर्ने खालको प्रश्न सोध्ने । |
| ११. | विवेचना | कथा, निबन्ध/प्रबन्ध, जीवनी | | | | २ | २ | १ | १० | १८ | कथा, जीवनी र निबन्ध/प्रबन्धमध्ये कुनै दुई विधाबाट विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गर्ने खालका दुई प्रश्न सोधी एक प्रश्नको उत्तर दिन लगाउने । |
| | | | ३ | ३ | ९ | ११ | २५ | २१ | १०० | ३ घण्टा | |

**द्रष्टव्य :**

**क) ज्ञान :** विशिष्ट तथ्य, पुनःस्मरण, प्राप्त सूचना र प्रतिक्रियाको मूल्याङ्कन गर्ने खालका निर्णयात्मक ज्ञानसम्बद्ध प्रश्नहरू यसअन्तर्गत सोधिने छन् ।

**ख) बोध :** विद्यार्थीले सिकेका कुराहरूको व्याख्या र वर्णन गर्ने क्षमताको मूल्याङ्कन गर्ने खालका प्रश्नहरू यसअन्तर्गत सोधिने छन् ।

**ग) व्यावहारिक सीप :** प्रयोग गर्ने र संयोजन गर्ने जस्ता व्यावहारिक क्षमतासम्बन्धी प्रक्रियागत र अवस्थागत ज्ञानसम्बद्ध प्रश्नहरू यसअन्तर्गत सोधिने छन् ।

**घ) उच्च दक्षता :** विचारको संयोजन र मूल्याङ्कन गर्ने क्षमतासम्बन्धी कार्यात्मक ज्ञानसम्बद्ध प्रश्नहरू यसअन्तर्गत सोधिने छन् ।